जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ •अंक २९५ • २०७९ साल चैत ८ गते बुधवार (22 March, Wednesday, 2023) •पृष्ठ ८ •मूल्य रु. ५।-

## मधेश प्रदेश सरकारले बजेट कटौती गरेपछि कामकाज प्रभावित

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारले आफ्ना मातहतका मन्त्रालय तथा कार्यालयहरुको बजेट कटौती र रोक्का गरेपछि प्रदेश सरकारको कामकाज प्रभावित भएको छ।

विश्वव्यापी रुपमा आर्थिक मन्दी रहेका कारण आर्थिक गतिविधिमा संकुचन हुन गई चालु आर्थिक वर्षमा लक्ष्य अनुसार राजस्व संकलन हुन नसक्ने, नेपाल सरकारबाट प्राप्त हुने अनुदान तथा राजस्व बाँडफाँटबाट प्राप्त हुने आयमा समेत प्रभाव पर्ने देखिएकोले सार्वजनिक खर्चलाई २० प्रतिशत कटौती गर्न प्रदेश सरकारले आफ्ना मातहतका मन्त्रालय तथा कार्यालयहरुलाई निर्देशन दिएको छ । मधेश प्रदेश सरकारको गत माघ २३ गते बसेको मन्त्रिपरिषद्को निर्णय अनुसार चालु आर्थिक वर्षमा विनियोजित बजेटमा खर्च भइ बाँकी रहेको बजेटमा तत्काल २० प्रतिशत कटौती गरी पिएलएमबिआईएसमा प्रविष्टि संशोधन गरी अर्थ मन्त्रालयमा पठाउन निर्देशन दिएको छ।

आर्थिक मन्दीका कारण सार्वजनिक खर्चलाई पुनः प्राथमिकीकरण गरी प्रदेशका गौरव तथा रुपान्तरणकारी आयोजना, रोजगारी सृजनामा महत्वपूर्ण योगदान गर्ने योजना तथा कार्यक्रमका लागि श्रोत व्यवस्थापन गर्न, सार्वजनिक खर्चमा मितव्ययीता कायम गर्न तथा प्रदेश सरकारको वित संतुलन कायम गर्न सरकारले यस्तो निर्णय गरेको प्रदेशको अर्थ मन्त्रालयले जनाएको छ । यता, प्रदेशको सरकारको यस्तो निर्णयले मन्त्रालयको विकास निर्माणदेखि दैनिक कार्य समेत प्रभावित भएको छ । बजेट कटौतीको परिपत्र सबै निकायले अर्थ मन्त्रालयलाई नपाए सम्म प्रदेश कोलनिकाले मन्त्रालय तथा कार्यालयहरुको भुक्तानी रोक्का गरेको छ।

> **मधेश प्रदेश सरकारका अर्थमन्त्री सञ्जयकुमार यादवले कुनै काम नरोकिएको र कुनै कामकाज प्रभावित नभएको बताएका छन् । उनले संघ सरकारले गरेको परिपत्र अनुसार २० प्रतिशत बजेट कटौती गर्नुपर्ने छ तर, मधेश प्रदेश सरकारको कामकाज प्रभावित नभएको बताए ।**

तर, मधेश प्रदेश सरकारका अर्थमन्त्री सञ्जयकुमार यादवले कुनै काम नरोकिएको र कुनै कामकाज प्रभावित नभएको बताएका छन्। उनले संघ सरकारले गरेको परिपत्र अनुसार २० प्रतिशत बजेट कटौती गर्नुपर्ने छ तर, मधेश प्रदेश सरकारको कामकाज प्रभावित नभएको बताए।

अहिले प्रदेश कोलनिकाले चालु तथा पूँजीगतका सबै खर्च रोक्का गरेपछि प्रदेश सरकार मातहत रहेका मन्त्रालय तथा कार्यालयहरुको भुक्तानी पूर्ण रुपमा बन्द गरिएको छ। यसरी भुक्तानी बन्द भएपछि मन्त्रालयहरुले आफ़ैले गर्ने क्रियाकलाप समेत गत माघ देखि नै ठप्प हुन पुगेको छ । सामाजिक विकास मन्त्रालयका एक कर्मचारीका अनुसार सरकारले बजेट रोक्का गरेपछि स्वास्थ्य सम्बन्धी दैनिक कार्यहरु समेत प्रभावित भएको छ । कुनै समय आपतकालीन खर्च गर्नुपर्दा कर्मचारीहरुलाई आफ्नै पकेटबाट वा उधारोमा गर्नुपर्ने बाध्यता छ। प्रदेश सरकारले मसलन्द तथा कार्यालय साम्रग्री, कार्यालय सञ्चालन, सेवा, सूचना पत्रपत्रिका र परामर्श सेवा, भवन संरचना सुधार, सीप विकास तथा जनचेतना तालिम गोष्ठी सहित विभिन्न २७ वटा शीर्षकमा खर्च कटौती गर्न निर्देशन दिएको छ।

चालु आर्थिक वर्षको ६ महिनाभन्दा बढी समय बिति सक्दा पनि प्रदेश सरकारको विकास निर्माणको बजेट खर्चको अवस्था दयनीय रहेको छ, अर्थ मन्त्रालयकै एक कर्मचारीले भने-'प्रदेश सरकारको विकास बजेटमा खर्चको अवस्था त्यतिकै कमजोर रहदै आएको छ, यस्तोमा प्रदेश सरकारले बजेट रोक्का गरेपछि प्रदेशले के विकास गर्छ ? बजेट खुल्ला हुँदा पनि विगतका वर्षहरुका कुल बजेटको बढीमा ६० प्रतिशत मात्रै खर्च हुने गरेको देखिन्छ, काम अगाडि बढ्ने बेलामै बजेट रोक्का भएपछि बजेट कार्यान्वयनको अवस्था विगतका वर्षहरुभन्दा यस वर्ष झन न्यून रहने छ।

## जसपाको विधान अधिवेशन सर्ने संभावना

# चुनावको तयारी, सरकारमा सहभागिताका लागि आज बैठक

**टुडे समाचारदाता**

काठमाण्डु । जनता समाजवादी पार्टी(जसपा)को विधान अधिवेशन सर्ने संभावना बढेको छ । चैत महिनाको २७ र २८ गते दुई दिन काठमाण्डुमा विधान अधिवेशन गर्ने निर्णय भएको थियो। पार्टी स्रोतहरुका अनुसार बारा-२, चितवन-२ र तनहुँ-१ मा वैशाख १० गते हुने उपचुनावको कारण विधान अधिवेशन सर्ने संभावना बढेको छ।

बारा जिल्लाको निर्वाचन क्षेत्र नम्बर २ बाट जसपाका अध्यक्ष उपेन्द्र यादव चुनाव लडने निश्चित छ । निर्वाचन आयोगले उपचुनावका लागि सार्वजनिक गरेको कार्यक्रम अनुसार चैत २० गते उम्मेदवारी दर्ता रहेको छ । जसपा अध्यक्ष यादव नै उम्मेदवार हुने भएपछि विधान अधिवेशनलाई चुनावपछि सार्ने संभावना रहेको स्रोतले बताए।

जसपाले चुनाव, विधान अधिवेशन र संघीय सरकारमा सहभागिताको विषयमा छलफल गर्न कार्यकारिणी समितिको बैठक विहीबार बोलाएको छ। बैठकको प्रमुख एजेण्डा चुनाव, विधान अधिवेशनको तयारी र संघीय सरकारमा सहभागिता रहेको प्रवक्ता समेत रहेका मधेश प्रदेशसभाका सभासद मनिस सुमनले जनाए।

'उपचुनावको तयारी र संघीय सरकारमा सहभागिताको विषयमा बैठकमा निर्णय हुनेछ ' उनले भने, विधान अधिवेशन निर्धारित समयमै गर्ने अथवा सार्ने विषयमा बैठकले निर्णय गर्नेछ।

कार्यकारिणी समितिले तीनै विषयमा निर्णय लिने उनले बताए ।काठमाण्डुमा उपलब्ध कार्यकारिणी समितिका सदस्यहरुको सहभागिता रहने भए पनि बाहिर रहेका सदस्यहरुको धारणा टेलिफोनबाट पनि लिन सकिने उनले बताए।

बारा-२ बाट जसपाका नेता रामसहाय यादव निर्वाचित भएका थिए। उनी उपराष्ट्रपति निर्वाचित भएपछि सो क्षेत्रमा उपचुनाव हुन लागेको छ। उपचुनावमा पार्टी अध्यक्ष यादव उम्मेदवार हुने निश्चित छ।

> **जसपा मधेश प्रदेशका अध्यक्ष रामबाबु यादवले चुनावको तयारी थालिसकिएको बताएका छन् ।'चुनावमा राष्ट्रिय अध्यक्ष नै उम्मेदवार हुने भएकाले तयारी सुरु भइसकेको छ ' उनले भने, चुनाव सम्बन्धी अन्य निर्णयहरु हुँदै गरे पनि प्रारम्भिक तयारी सुरु भइसकेको छ ।**

यादवलाई सो क्षेत्रमा माओवादी केन्द्र, नेकपा एस र नेपाली कांग्रेसले समर्थन गर्ने निश्चित छ। यादवलाई चार दलको समर्थन रहे पनि उनी १० दलीय गठबन्धनको समर्थन चाहेका छन्।

बारा-२ मा जसपाको १३ हजार ८ सय, माओवादी केन्द्रका शिवचन्द्र कुशवाहाले १३ हजार ४ सय र जसपाकै विद्रोही स्वतन्त्र उम्मेदवार रामकिशोर यादवको ११ हजार बढी मत रहेको थियो। विद्रोही उम्मेदवार जसपामा फर्किसकेका छन्। जसपाको पक्षमा झण्डै ३८ हजार मत रहेको देखिन्छ।

जसपाका अध्यक्ष यादव सप्तरी जिल्लाको निर्वाचन क्षेत्र नम्बर २ बाट पराजित भएका थिए । उनलाई प्रतिनिधि सभामा पुऱ्याउन कांग्रेस सम्मिलित प्रमुख ४ दलीय गठबन्धनले सो क्षेत्रका सांसद रामसहाय यादवलाई उपराष्ट्रपति बनाएर यादवलाई चुनाव लडाउने निर्णय गरेको थियो।

जसपा मधेश प्रदेशका अध्यक्ष रामबाबु यादवले चुनावको तयारी थालिसकिएको बताएका छन् ।'चुनावमा राष्ट्रिय अध्यक्ष नै उम्मेदवार हुने भएकाले तयारी सुरु भइसकेको छ ' उनले भने, चुनाव सम्बन्धी अन्य निर्णयहरु हुँदै गरे पनि प्रारम्भिक तयारी सुरु भइसकेको छ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले मन्त्रिपरिषद्लाई यसै हप्ता विस्तार गर्ने तयारी गरेकाले सरकारमा पठाउने सांसदहरुको विषयमा बैठकमा छलफल हुनेछ। सरकारमा राजकिशोर यादव, प्रदीप यादव, दीपक कार्की जाने बलियो संभावना रहेको स्रोतले जनाए।






# प्रधानमन्त्री श्री नेसन्स कप फुटबलका लागि नेपाली टोलीको घोषणा

काठमाण्डु । राष्ट्रिय फुटबल टोलीका नवनियुक्त मुख्य प्रशिक्षक भिन्सेन्जो अल्बर्टो एनेसले प्रधानमन्त्री श्री नेसन्स कप फुटबल प्रतियोगितामा सहभागिता जनाउने नेपाली राष्ट्रिय फुटबल टोलीको घोषणा गर्नुभएको छ ।

मुख्य प्रशिक्षक एनेसले भोलिदेखि सुरु हुने उक्त प्रतियोगिताका लागि २३ सदस्यीय नेपाली खेलाडीको नाम सार्वजनिक गर्नुभएको अखिल नेपाल फुटबल सङ्घ (एन्फा)ले जनाएको छ । उहाँले राजधानीमा जारी सहिद स्मारक ए डिभिजन लिग फुटबल प्रतियोगिताको आधारमा खेलाडी छनोट गर्नुभएको हो ।

प्रमुख प्रशिक्षक एनेसले उक्त प्रतियोगिता खेल्न नेपाली टोली तयारी अवस्थामा रहेको बताउनुभयो । उहाँको प्रशिक्षणमा नेपालले पहिलो पटक खेल्न लागेको हो । प्रशिक्षक एनेसले छोटो समयमा नै नेपाली टिम तयार गरेको भन्दै चुनौतीका साथ आफनो टोली खेल्न तयार रहेको बताउनुभयो ।

त्यस्तै नेपाली फुटबल टोलीका कप्तान किरण चेम्जोङले उक्त प्रतियोगिताका लागि छोटो तयारी भए पनि लाओसविरुद्ध खेल्न आफनो टोली तयार रहेको बताउनुभयो । उहाँले राष्ट्रका लागि राम्रो नतिजा ल्याउने उद्देश्यका साथ मैदानमा उत्रनेसमेत बताउनुभयो । छनोट हुने नेपाली टोलीको गोलकिपरमा कप्तान चेम्जोङसहित दीप कार्की र अभिषेक बराल छन् भने डिफेन्डरमा सनिश श्रेष्ठ, विकास खवास, अनन्त तामाङ, पदम भट्टराई, आदित्य चौधरी र निशान खड्का छन् ।

त्यस्तै मिडफिल्डरमा पुजन उपरकोटी, एरिक विष्ट, नवीन लामा, रोहित चन्द, कमल थापा, मणिकुमार लामा र भरत खवास छन् भने फरवार्डमा आयुष घलान, नवयुग श्रेष्ठ, दीपकसिंह ठकुरी, अन्जन विष्ट, आशिष चौधरी, सुमित श्रेष्ठ र मनिष डाँगी रहेका छन् ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा उक्त प्रतियोगिता यही चैत ८ देखि १७ गतेसम्म हुँदैछ । प्रतियोगितामा नेपाल, भूटान र लाओसले प्रतिस्पर्धा गर्नेछन् । प्रतियोगिताको विजेताले पाँच हजार अमेरिकी डलर प्राप्त गर्दा दोस्रो हुने टोलीले तीन हजार अमेरिकी डलर पाउने छ । प्रतियोगिताको उत्कृष्ट खेलाडीले पाँच सय अमेरिकी डलर र खेलको म्यान अफ दि म्याचले दुई सय ५० डलर पाउने छन् ।

उक्त प्रतियोगिताको भोलि हुने उद्घाटन खेलमा नेपालले लाओससँग प्रतिस्पर्धा गर्नेछ । प्रतियोगिताको खेल हेर्न चाहने दर्शकका लागि सामान्य प्यारापिटतर्फ रु पाँच सय र भीभीआइपीतर्फ रु एक हजार तोकिएको एन्फाले जनाएको छ । टिकट खल्ती एपबाट किन्न सकिनेछ । रासस

# नागरिक स्वतन्त्रता र प्रेस स्वतन्त्रताप्रति कांग्रेस सधैँ अडिग रहन्छ : नेता कोइराला

काठमाण्डु । नेपाली कांग्रेसका नेता डा शेखर कोइरालाले नागरिक स्वतन्त्रता र प्रेस स्वतन्त्रताप्रति कांग्रेस सधैँ अडिग रहने बताउनुभएको छ ।

नेपाली कांग्रेसका पूर्वसभापति एवं पूर्वप्रधानमन्त्री स्व गिरिजाप्रसाद कोइरालाको १३ औँ स्मृति दिवसका अवसरमा नेपाल प्रेस युनियन केन्द्रीय कार्यसमितिले आज काठमाडौँमा आयोजना गरेको 'नागरिक स्वतन्त्रताका लागि गिरिजाप्रसाद कोइरालाको योगदान' विषयक विचार गोष्ठीमा उहाँले कांग्रेस सधैँ नागरिक स्वतन्त्रता र प्रेस स्वतन्त्रताको पक्षमा रहेको बताउनुभएको हो ।

"प्रेस स्वतन्त्रता बिना लोकतन्त्र फस्टाउन सक्दैन, कांग्रेसले सञ्चार क्षेत्र र प्रेस स्वतन्त्रतालाई सधैँ सकारात्मकरूपमा हेर्दै आएको छ", उहाँले भन्नुभयो । उहाँले आगामी केही दिनभित्रै कांग्रेस सरकारमा जान लागेको जानकारी दिँदै कांग्रेसलाई सरकारमा गएर गल्ती गर्ने कुनै छुट नभएको बताउनुभयो ।

नेता डा कोइरालाले सरकारमा गएर दश दलीय गठबन्धनलाई सफल बनाउने जिम्मा कांग्रेसको भएको उल्लेख गर्नुभयो । वर्तमान सत्ता गठबन्धलाई राम्रोसँग सञ्चालन गर्ने जिम्मा कांग्रेसको भएको उहाँको भनाइ थियो ।




कांग्रेस महामन्त्री गगनकुमार थापाले शान्ति प्रक्रियाका बाँकी कामलाई चाँडो टुङ्गोमा पुऱ्याउनुपर्ने बताउनुभयो । "शान्ति प्रक्रियाका बाँकी कामलाई टुङ्गोमा पुऱ्याउन ढिलासुस्ती गरे भविष्यमा यसले थप जटिलता निम्याउन सक्छ, पीडितको भावनामाथि चोट पुऱ्याउने काम गर्नुहुँदैन", उहाँले भन्नुभयो । शान्ति प्रक्रियालाई पूर्णता दिँदा पीडितको भावनामाथि चोट पुऱ्याउने र अन्तर्राष्ट्रिय मूल्य, मान्यताविपरीत जान नहुने उहाँको भनाइ थियो ।

महामन्त्री थापाले गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा सुरु भएको शान्ति प्रक्रियालाई टुङ्गोमा पुऱ्याउने कामको नेतृत्व नेपाली कांग्रेसले नै लिनुपर्ने बताउनुभयो । गिरिजाप्रसाद कोइराला नेतृत्वको २०४८ सालको सरकारले लिएको आर्थिक नीति र निर्णयकै आधारमा मुलुकको अर्थतन्त्र अहिले पनि चलिरहेको उहाँको भनाइ थियो ।

कांग्रेस सहमहामन्त्री महालक्ष्मी (डिना) उपाध्यायले कांग्रेसभित्र रक्त सञ्चार गर्ने कुशल सङ्गठक गिरिजाबाबु भएको बताउनुभयो । "कांग्रेसभित्र विपी कोइरालाले सिद्धान्त दिनुभयो, गिरिजाबाबुले सङ्गठन विस्तार गर्नुभयो", उहाँले भन्नुभयो । विद्यार्थी, महिला, तरुण, दलित, जनजाति, मजदुर सबैलाई उत्तिकै माया गर्ने नेता गिरिजाबाबु भएको उहाँको भनाइ थियो ।

कांग्रेस केन्द्रीय सदस्य रामहरि खतिवडाले नेपालको राजनीतिलाई शान्ति प्रक्रियामा लैजान स्व गिरिजाबाबुको महत्त्वपूर्ण भूमिका रहेको बताउनुभयो । सबै राजनीतिक शक्तिलाई सँगै लिएर अगाडि बढ्ने नेता गिरिजाबाबु भएको उहाँको भनाइ थियो ।

नेपाल ट्रेड युनियन कांग्रेसका वरिष्ठ उपाध्यक्ष महेन्द्रप्रसाद यादवले नेपालको श्रमिक आन्दोलनलाई अगाडि बढाउन गिरिजाबाबुले खेलेको भूमिका महत्त्वपूर्ण रहेको बताउनुभयो । राष्ट्रिय समाचार समिति (रासस)का कार्यकारी अध्यक्ष एवं नेपाल पत्रकार महासङ्घका पूर्वअध्यक्ष धर्मेन्द्र झाले प्रेस स्वतन्त्रताका लागि सधैँ अगाडि बढ्ने गिरिजाबाबु शान्ति प्रक्रियाका नायक भएको बताउनुभयो ।

नेपाल पत्रकार महासङ्घका अध्यक्ष विपुल पोखरेल, महासङ्घका पूर्वअध्यक्षहरू हरिहर विरही, तारानाथ दाहाल र विष्णु निष्ठुरी, नेपाल प्रेस युनियनका पूर्वअध्यक्ष किरण पोखरेल, नेपाल प्रेस युनियनका सल्लाहकार अनिता विन्दु, नेपाल प्रेस युनियनका उपाध्यक्ष नकुल अर्याल, महासचिव दिलिप पौडेललगायतले नागरिक स्वतन्त्रता आन्दोलनलाई अगाडि बढाउन महत्त्वपूर्ण भूमिका खेल्नुभएका स्वर्गीय कोइराला निडर, निर्भीक र दृढ शक्ति भएको राजनीतिक नेता भएको बताउनुभएको थियो ।

कार्यक्रममा नेपाल प्रेस युनियनका अध्यक्ष शिव लम्सालले नेपालको पत्रकारिताको विकास र नेपाल प्रेस युनियन स्थापनामा गिरिजाबाबुको भूमिका महत्त्वपूर्ण रहेको बताउनुभयो ।रासस

# वर्षात्को पानी सङ्कलनसम्बन्धी दुई दिने राष्ट्रिय सम्मेलन सम्पन्न

काठमाण्डु । वर्षातको पानी सङ्कलनसम्बन्धी दुई दिवसीय राष्ट्रिय सम्मेलन पाँच बुँदे काठमाडौँ घोषणापत्र जारी गर्दै सम्पन्न भएको छ । विश्व पानी दिवसको अवसरमा खानेपानी मन्त्रालयको समन्वयमा स्मार्ट वास सोलुसन्स प्रालि र वाटर एड नेपालको अगुवाइमा विभिन्न सरकारी र गैरसरकारी संस्थाको सहयोगमा यही चैत ५ र ६ गते 'वर्षातको पानी सङ्कलन पानी सुरक्षण र जलवायु परिवर्तनका असरको सम्बोधन' विषय सम्मेलन आयोजना गरिएको थियो ।

घोषणापत्रमा पानी सङ्कट न्यूनीकरण गर्ने समान उद्देश्य भएका संस्थाको सञ्जल निर्माण गर्ने, एकीकृत पानी व्यवस्थापनसम्बन्धी कानुन निर्माण गर्न तीनै तहका सरकारलाई अनुरोध गर्ने, पानी सङ्कट समाधानका लागि नयाँ प्रविधिको अवलम्बन र खोजी गर्ने, वर्षातको पानी व्यवस्थापनमा सामूहिक प्रयास गर्ने तथा पानी व्यवस्थापनका प्रयासमा जलवायु परिवर्तनको पक्षलाई ध्यान दिने विषय समेटिएका छन् ।

यसैगरी नेपालमा पानीको सङ्कट न्यूनीकरण गर्ने उपाय खोजीका लागि खानेपानी मन्त्रालयसँग समन्वय गरी सामूहिक प्रयासमा आवश्यक पहलको थालनी गर्न चार महिनाभित्र वर्षातको पानी सङ्कलन र व्यवस्थापन कार्यलाई अन्तरसम्बन्ध (नेक्सस) सोचका साथ अघि बढाउने उद्देश्यका साथ बहुपक्षीय सरोकार संस्थाको एक विशेष सञ्जाल (एलाएन्स) निर्माण गर्नुपर्ने घोषणा पत्रमा उल्लेख छ ।

सम्मेलनले वर्षातको पानीको सङ्कलन र व्यवस्थापनलाई वर्षाको समयमा नेपालले भोग्नुपरेको बाढीपहिरो, पानीजन्य विपद् र हिँउदमा पर्ने चरम सङ्कटलाई निवारण गर्ने एक दिगो र सर्वसुलभ उपाय भएको ठहर गरेको छ । यस क्षेत्रलाई प्रोत्साहित र कार्यान्वयनमुखी बनाउन वर्षातको पानीको सङ्कलन र व्यवस्थापन अपरिहार्य भएको उल्लेख गर्दै सम्मेलनले परिणाममुखी उद्देश्य प्राप्तिको लागि वर्षातको पानीको सङ्कलनका प्रयास र कार्यक्रमलाई सङ्ख्यात्मक र गुणात्मक वृद्धिमा तीव्रता ल्याउन वर्तमान अभ्यासलाई परिष्कृत गरी आवासस्तर, समुदायस्तर, संस्थागत पुऱ्याउनुपर्ने निष्कर्ष निकालेको छ ।

पानी सङ्कट समाधानका लागि बाँध निर्माणसहितका वृहत् राष्ट्रिय परियोजना सञ्चालन गर्न र वर्षात पानी सङ्कलन गर्ने नेपालको मौलिक ज्ञान, अभ्यास र परम्परालाई उपयुक्त प्रविधिद्वारा परिष्कृत गर्दै स्थानीय साधनस्रोत, जनशक्तिको प्रयोगलाई प्रोत्साहित गर्दै समृद्ध बनाउने विषयलाई पनि घोषणा पत्रमा समेटिएको छ ।

**पानी सङ्कट समाधानका लागि बाँध निर्माणसहितका वृहत् राष्ट्रिय परियोजना सञ्चालन गर्न र वर्षात पानी सङ्कलन गर्ने नेपालको मौलिक ज्ञान, अभ्यास र परम्परालाई उपयुक्त प्रविधिद्वारा परिष्कृत गर्दै स्थानीय साधनस्रोत, जनशक्तिको प्रयोगलाई प्रोत्साहित गर्दै समृद्ध बनाउने विषयलाई पनि घोषणा पत्रमा समेटिएको छ ।**

सम्मेलनद्वारा जारी घोषणापत्रमा प्रत्येक घर निर्माण गर्दा स्थानीय सरकारले वर्षाको पानी पुनःभरणको प्रणाली अनिवार्य बनाउनपर्ने प्रावधान राख्ने, वर्षाको पानीको पुनःभरणको दिगो व्यवस्थापनको अनुगमन तथा मूल्याङ्कन गर्ने, पानी सुशासन कायम गर्ने, प्राकृतिक प्रकोप व्यवस्थापनका लागि भौगोलिक सूचना प्रणाली (जीएसआई) को उपयोग गर्ने, एकीकृत पानी व्यवस्थापनमा प्रकृतिमा आधारित समाधानको सोच राखेर आवश्यक नीति र कानुन निर्माण गरी लागू गर्न तीनै तहका सरकारलाई अनुरोध गर्ने विषय पनि समेटिएको छ ।

सम्मेलनले नेपाल जस्तो जलवायु परिवर्तनको प्रभावको जोखिमयुक्त राष्ट्रमा पानीको सुरक्षामा सङ्कट निम्तन सक्ने अवस्था सिर्जना हुँदै गएको ठहर गरेको छ । पानी क्षेत्रका परियोजनाको योजना निर्माण, डिजाइन र कार्यान्वयन चरणहरुमा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण गर्ने सोच र उपायलाई मध्यनजर गरी सञ्चालन गर्ने प्रक्रियाले पूर्णरुप प्राप्त नगर्ने जनाउँदै सम्मेलनले सबै सम्बन्धित निकायलाई पानीसम्बन्धी कार्यक्रम र आयोजना सञ्चालन गर्दा जलवायु परिवर्तन प्रभाव न्यूनीकरण गर्ने पक्षलाई अवलम्बन गर्न पनि आह्वान गरेको छ ।

सम्मेलनले संयुक्त राष्ट्रसङ्घले तय गरेको दिगो विकास लक्ष्य-६ प्राप्तिलाई वर्षातको पानी सङ्कलन र व्यवस्थापनलाई फाइदा पुग्ने गरी विविध क्षेत्र (कृषि, ऊर्जा र पानी आदि) कार्यक्रम सञ्चालनमा ल्याउन सरकारी निकायलाई विशेष अनुरोध पनि गरेको छ । सामूहिक बहसमा पूर्वमन्त्री पम्फा भूसाल, जल तथा ऊर्जा आयोगका सचिव डा. जगदीश्वर कर्माचार्य, खानेपानी विभागका महानिर्देशक रमाकान्त दवाडी, गोकर्णेश्वर नगरपालिकाका प्रमुख दीपककुमार रिसाल, वाटर एड नेपालकी देशीय निर्देशक तृप्ती राई, बेष्ट पानी नेपाल प्रालिका सहसंस्थापक गोकुल दङ्गाल, विविसी विश्वसेवाका वातावरण संवाददाता नवीनसिंह खड्का, अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिका कार्यकारी अध्यक्ष उद्धवप्रसाद तिमिल्सिनाले खानेपानीका स्रोतको संरक्षण, खानेपानी सङ्कट न्यूनीकरण, वर्षातको पानीको महत्व, नगर क्षेत्र र नदीनालाको सरसफाइमा सुधार, जलवायु परिवर्तनबाट पर्ने असर न्युनीकरणका विषयमा प्रकाश पार्नुभएको थियो । रासस

# 'हिंसा नियन्त्रण गर्न विद्युतीय साक्षरता जरुरी'

काठमाण्डु । सूचना प्रविधिको विकाससँगै सामाजिक सञ्जाल र अनलाइनबाट हिंसा वृद्धि हुँदै गएको भए पनि हिंसा न्यूनीकरणका लागि विद्युतीय साक्षरता र पर्याप्त कानुनको अभाव देखिएको छ ।

नेपालस्थित संयुक्त राष्ट्रसङ्घको आवासीय संयोकजकको कार्यालयले संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (युनेस्को) नेपालसँग मिलेर आज आयोजना गरेको 'नेपालमा डिजिटल हिंसा, घृणायुक्त भाषण : न्यूनीकरणका प्रयास' विषयक गोष्ठीमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव डा बैकुण्ठ अर्याललले विद्युतीय साक्षरताको अभावमा ठगी, चोरी र हिंसाका घटना बढेको बताउनुभयो ।

"विद्युतीय साक्षरताको अभावमा सामाजिक सञ्जालमा विभिन्न खालका द्वेषपूर्ण अभिव्यक्ति आउने गरेको छ", -उहाँले भन्नुभयो, "सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले त्यस्ता खालका सबै गतिविधि नियमन गर्नका लागि सञ्चार विधेयक ल्याउने अन्तिम तयारी गरेको छ ।"

निर्वाचन आयोगका आयुक्त डा जानकी तुलाधरले द्वेषपूर्ण अभिव्यक्ति र क्रियाकलाप रोक्नका लागि सरकारले स्पष्ट नीति ल्याउनुपर्ने बताउनुभयो । उहाँले स्थानीय तह निर्वाचन र प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा आयोगले द्वेषपूर्ण अभिव्यक्ति न्यूनीकरण गर्न सफल भएको सुनाउनुभयो ।

नेपाल प्रहरी साइबर ब्यूरोका प्रवक्ता पशुपतिकुमार रायले विद्युतीय माध्यमबाट धेरै प्रकारका हिंसा हुने गरेको तर पर्याप्त कानुन नहुँदा पीडितले न्याय पाउन कठिनाइ भएको बताउनुभयो । अधिवक्ता आशाङ्कन मल्लले नेपालमा साक्षरता दरभन्दा बढीले सामाजिक सञ्जालको प्रयोग गर्दा धेरै हिंसा हुने गरेको र जिल्ला अदालतमा काठमाडौँमा मात्र मुद्दा चलाउन मिल्ने कानुनी व्यवस्था भएकाले कठिनाइ भएको बताउनुभयो ।

नेपाल दूरसञ्चार प्राधिकरणको तथ्याङअनुसार नेपालमा केवलबाट इन्टरनेट चलाउनेको सङ्ख्या एक करोड तीन लाख ३९ हजार दुई सय २९ रहेको छ । मोबाइल प्रयोगकर्तामध्ये ९४.२५ प्रतिशतले मोबाइलबाट इन्टरनेट चलाउँछन् तर राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्कअनुसार नेपालमा साक्षरता दर ६५.९ प्रतिशत मात्र रहेको छ । यसले गर्दा आमनागरिकले सही र गलत सूचना छुट्ट्याउन सकेका छैनन् । त्यसअनुसार विद्युतीय साक्षरता कार्यक्रम पनि प्रभावकारी रुपमा सञ्चालन हुन सकेको छैन ।रासस

# क्षमताभन्दा बढी सामान बोक्ने जहाजका चालकसहित सात जना निलम्बित

काठमाण्डु । नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) ले नेपाल वायुसेवा निगमको ट्वीनअटर जहाजका चालक दलसहित सात जनालाई निलम्बन गरेको छ ।

प्राधिकरणका प्रवक्ता जगन्नाथ निरौलाका अनुसार सोमबार ताप्लेजुङबाट काठमाडौँ उडान भरेको निगमको नाइन एन एबीटी विमानमा लोड सिटमा भन्दा एक सय पाँच केजी बढी सामान बोकेको पाइएपछि उनीहरूलाई काम गर्न रोक लगाइएको छ । उक्त विमानले क्षमताभन्दा बढी सामान बोकेको र पुरुष यात्रुलाई महिला यात्रुका रूपमा यात्रा गराएको पनि पाइएकाले कारबाही गरिएको प्रवक्ता निरौलाले बताउनुभयो ।

जहाजले क्षमताभन्दा बढी सामान बोकेको सूचना पाएपछि प्राधिकरणले जाँच गर्दा कागजमा देखाइएको भन्दा बढी तौल भेटिएपछि उडान अनुशासन पालना नगरेकाले जहाजका चालकदलसहित ग्राउण्डेड गरिएको प्राधिकरणले उल्लेख गरेको छ ।

प्राधिकरणले चालक दलका तीन जना, निगमको मार्केटिङ कर्मचारी र डिसप्याचरसहित सात जनालाई निलम्बन गरेको हो । घटनाबारे आवश्यक छानबिन गरिने प्राधिकरणले जनाएको छ । रासस

## मोटरसाईकल हरायो

मेरो निम्न ब्यहोरा भएको लालबन्दी नगरपालिका वडा नं ७ स्थित डुमडुमे मन्दिर छेउमा Parking गरि राखेको अवस्थामा मिति २०७९/०९/०१ गते दिउंसो १४:३० बजे लु ७९ प ७७६० नम्बरको सेतो रंगको ईन्जिन नं. DKXCMB79690 चेचिस नम्बर MD2A13EX2MCB85288 को बजाज कम्पनीको पल्सर 220 CC हुलास फिन सर्भ लिमिटेड, काठमाण्डौंको नाममा दर्ता रहेको मोटरसाईकल हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी अथवा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ

**ऋणी: विवेक कुमार महतो**
**ठेगाना: जि.म. सम्सी गा.पा.-१**
**मो. नं. ९८०३८०९६१५**

## कागजात हरायो

मिती २०७९।११।२९ गते लहानबाट काठमाण्डौंसम्म जादै गर्दा झोलासंगै भएको दस्तखत भएको चेक सहित निम्न बमोजिमको सर-सामानहरु तथा कागजात हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी तथा निम्न ठेगानामा खबर गरिदिनुहन अनुरोध गर्दछौ ।
साथै उक्त सामानहरु बुझाई दिने महानुभावलाई उचित पुरस्कार पनि दिइने छ ।

**नाम : अजय कुमार चौधरी**
**ठेगाना : लहान न.पा., सिरहा**
**कागजात :**
**नबिल बैंकको चेक नं. ००३२७०४४८०, ७०४४८८, ७०४४८९, ७०४४९०**
**सानिमा बैंकको चेक नं. ०००७९१८७४३, ४४, ४५**
**व्यक्तिगत डायरी – २ थान**
**नगद :– रु. ६२६०**
**क्यालकुलेटर – १ थान**
**मो.नं. : ९८५२८२१७७७**

## तपाईको आज
पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : वाद विवादबाट बच्नु । |
| बृष | : अवसर प्राप्त । |
| मिथून | : शिक्षामा उन्नति । |
| कर्कट | : पारिवाहिक सुख । |
| सिंह | : नयाँ कार्य हुने । |
| कन्या | : धन बृद्धि सञ्चय । |
| तुला | : भ्रमण अवसर हुने । |
| बृश्चिक | : प्रेम प्रसंग, मित्र सुख । |
| धनु | : बौद्धिक क्षमता । |
| मकर | : सुख समृद्धि हुने । |
| कुम्भ | : प्रतिभा सम्पन्नता । |
| मीन | : पुरस्कार प्राप्त लाभ । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| | | बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन


| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# जसपाले बनायो विधान अधिवेशन उपसमितिहरु

**टुडे समाचारदाता**

काठमाण्डु । जनता समाजवादी पार्टी (जसपा), नेपालको विधान अधिवेशन मूल व्यवस्थापन समितिले विभिन्न उपसमिति बनाएको छ।

मंगलबार बसेको पार्टीका केन्द्रीय कार्यकारिणी समिति सदस्य प्रकाश अधिकारी संयोजकत्वको मूल व्यवस्थापन समितिको बैठकले विधान अधिवेशन तयारीका लागि आर्थिक उपसमिति, प्रचार प्रसार उपसमिति, भोजन आवास तथा हल व्यवस्थापन (लजिस्टिक) उपसमिति, स्वयम्सेवक परिचालन उपसमिति गठन गरेको छ।



विजय कुमार यादव संयोजक रहेको आर्थिक उपसमितिमा विद्युत बज्राचार्य सह संयोजक रहेका छन्। सदस्यहरुमा आङ्डेण्डी शेर्पा, आङ्काजी शेर्पा, सरोजकुमार यादव, राजेशमान श्रेष्ठ रहेका छन्। प्रचार प्रसार उपसमितिको संयोजकमा अर्जुन थापा, सह संयोजकमा न्हुच्छेलाल महर्जन रहेका छन्।

भोजन, आवास तथा हल व्यवस्थापन उपसमितिको संयोजकमा सुशीला श्रेष्ठ र सह संयोजक लालबहादुर तामाङलाई जिम्मेवारी दिइएको छ।

स्वयमसेवक परिचालन उपसमितिको संयोजक विद्युत बज्राचार्य र सह संयोजक तारा विश्वकर्मा रहेका छन् । युवा, विद्यार्थी, महिला, ट्रेड युनियन लगायतका जनसंगठनका अध्यक्षहरु र बागमती प्रदेश समिति र काठमाण्डु जिल्ला समितिका प्रतिनिधिहरु उप समितिको सदस्य रहने छन् ।

# पार्टीलाई सुदृढ गर्दै माओवादी जीतपुरसिमरा

**टुडे समाचारदाता**

बारा । नेपाल कम्युनिष्ट पार्टी( माओवादी केन्द्र ) जीतपुरसिमरा उपमहानगर कमिटीको सिमरामा भएको बिस्तारित बैठकले पार्टीको संरचनाहरुलाई सुदृढीकरण गर्दै पार्टी बिस्तार अभियान चलाउने निर्णय गरेको छ । उपमहानगर अध्यक्ष प्रेम बरालको अध्यक्षतामा बसेको बैठकले पार्टीका बिचार तथा एजेण्डाहरु जनमानसमा पुर्‍याउन उपमहानगरको बिभिन्न वडाहरुको जिम्मेवारी पार्टीका नेता कार्यकर्ताहरुलाई दिएको छ।



वडा नं.१ ,२ ,३ र ४ को जिम्मेवारी बेनी तिमलसिना र रामचन्द्र अधिकारीलाई , वडा नं.५ ,६ ,७ र ८ को जिम्मेवारी मोहित चौधरी र मनोज चौधरीलाई, वडा नं.९ ,१० ,२३ र २४ को जिम्मेवारी क्यामुदिन मंसुरी र लक्ष्मीकान्त प्यारेलाल चौधरीलाई , वडा नं.११ ,१९ र २० को जिम्मेवारी श्यामसुन्दर पासवान, वडा नं.१२ ,१३ ,१४ र १५ को जिम्मेवारी राजन भट्ट र दिपक कार्कीलाई, वडा नं.१६ ,१७ र १८ को जिम्मेवारी भरत भण्डारी, जयराम यादब, दिनेश अधिकारी र उद्धव पोखेललाई, वडा नं.२१ र २२ मिन प्रसाद चापागाई र मनिकलाल थिङ्गलाई दिएको छ।

त्यस्तै जनवर्गीय मोर्चाको जिम्मेवारी पनि उपमहानगर कमिटीले तोकेको नगर सचिव अर्जुन चिमोरियाले जानकारी दिए । नगर स्तरीय वाई.सि.एल.को जिम्मेवारी रुकु तमाङ्ग ,तीर्थ गुरुङ्ग र मुकेश साहलाई ,मजदुर कमिटीको जिम्मेवारी डि.बि. थापालाई ,महिला कमिटीको जिम्मेवारी शोभा कार्कीलाई ,दलित कमिटीको जिम्मेवारी श्यामसुन्दर पासवान र राजदेव पासवानलाई ,किसान कमिटीको जिम्मेवारी शिव ढुङ्गानालाई, शिक्षक कमिटीको जिम्मेवारी रोशन यादबलाई, उद्योग कमिटीको जिम्मेवारी धन बहादुर श्रेष्ठ र रुपेश पोखेललाई, बिद्यार्थी कमिटीको जिम्मेवारी दिपेन्द्र यादब र रबि श्रेष्ठलाई र मुस्लिम कमिटीको जिम्मेवारी जहिर मौलाना र ग्यासुदीन मंसुरीलाई जिम्मा दिएको नेपाल कम्युनिष्ट पाटी(माओवादी केन्द्र ) जीतपुरसिमरा उपमहानगर कमिटीले जनाएको छ।

## राराब क्याम्पसमा सफाई

**टुडे समाचारदाता**

जनकपुरधाम। स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु)को निर्वाचनको क्रममा पर्चा पम्पलेटले फोहर बनेको राम स्वरुप राम सागर बहुमुखी क्याम्पस (राराब) मा सरसफाइ गरिएको छ। स्ववियु निर्वाचनमा विद्यार्थी नेता कार्यकर्ताहरुले आ-आफ्नो प्रचार प्रसारका क्रममा पर्चा पम्पलेटले फोहर बनेको क्याम्पसको सरसफाइ गरिएको छ।

नवनिर्वाचित स्ववियु सभापति मनिष यादवको नेतृत्वमा मंगलबार सरसफाई गरिएको छ। सभापति यादव नेतृत्वमा रहेका दर्जनौ विद्यार्थीहरुले क्याम्पसको विभिन्न भागमा रहेको फोहर सरसफाइ गरेका छन्।


आइतबार अबेर राति सम्पन्न निर्वाचनमा विभिन्न राजनीतिक दलका भातृ विद्यार्थी संगठनहरुले चुनावी प्रचार प्रसारको क्रममा फालेको पर्चा पम्पलेटहरुको कारण क्याम्पस परिसर फोहर भइ कुरुप बनेको थियो।

सरसफाई कार्यक्रमलाई निरन्तरता दिइने र सफाई कर्मचारीहरुको व्यवस्थापनका लागि समेत युनियनले पहल गर्ने नवनिर्वाचित सभापति यादवले प्रतिवद्धता व्यक्त गरे।

# लागू औषध विरुद्ध जनचेतना

**टुडे समाचारदाता**

राजविराज । मधेश प्रदेशमा ठूलो समस्याको रुपमा अगाडि सरेको भन्दै लागू औषध विरुद्ध सप्तरीको विभिन्न स्थानमा नेपाल प्रहरीले जनचेतनामूलक कार्यक्रम सम्पन्न गरेको छ।



प्रदेश प्रहरी कार्यालयका अनुसार सप्तरी जिल्लाको खड्क नगरपालिका-१० लालापट्टीटोल, बोदेसबर्साइन नपा-५, तिलाठी कोईलाडि गापा- ५, डाक्नेश्वरी नपा-३ तथा बोदेबर्साइन नपा-९ देउरी टोल लगायतको स्थानमा लागू औषध सम्बन्धी जनचेतनामूलक कार्यक्रमको आयोजना गरिएको थियो।

लागू औषधको सेवन नगरौं सभ्य समाजको निर्माण गरौं, जुवा तास नखेलौ, नखेलाउँ लगायतको नाराको साथ छुट्टाछुट्टै छलफल, अन्तरक्रियासहितका कार्यक्रम आयोजना गरिएको जनाइएको छ।

सामुदायिक प्रहरी साझेदारी अवधारणा अनुरुप लागू औषध विरुद्धका नाराहरु लेखिएको प्ले कार्ड प्रदर्शनसमेत गरिएको छ।

विभिन्न ठाउँमा आयोजित छलफलको क्रममा सहभागी बुद्धिजीवीहरुले सीमावर्ती भारतमा खुलेआम रुपमा लागू औषध बिक्री वितरण हुने गरेकोले यहाँका युवाहरु कुलतमा सहजै पर्ने गरेको गुनासो पोखे।

लागू औषधकै कारण गाउँमा चोरी, होहल्ला लगायतको घटनाहरु दिनहुँ हुने गरेको र यसलाई समयमै नियन्त्रण गर्न नसकिए भविष्यमा लागू औषधको समस्या भयावह बन्ने लालापट्टीका राजु चौधरीले बताए।

# चोरीको मोटरसाइकल बरामद

**टुडे समाचारदाता**

जनकपुरधाम। धनुषा प्रहरीले चोरी भएको मोटरसाइकल २४ घण्टा नबित्दै फेला पारेर सवारी धनीको जिम्मा लगाएको छ।

चैत ६ सोमबार महोत्तरीको लोहरपट्टी नगरपालिका -७ का शिव शंकर साहको ज.३ प ९८३६ नम्बरको मोटरसाईकल जिल्ला अदालत धनुषा अगाडिको सडकबाट चोरी भएको थियो।

चोरी भएको सूचना पाए लगत्तै प्रहरीले खोजबीन शुरु गरेको थियो। खोजीको क्रममा प्रहरीले मंगलबार बिहान मोटरसाइकल फेला पारेको थियो। चेकजाँच गर्दै जाँदा मोटरसाइकल फेला परेको यसबारे अहिले अनुसन्धान जारी रहेको जिल्ला प्रहरी कार्यालय धनुषाका सूचना अधिकारी वेद प्रसाद गौतमले जानकारी दिए।



चोरको खोजतलाश तीव्र रुपमा भइरहेको जनाइएको छ।

# अझै पक्राउ परेनन् रोशन

**टुडे समाचारदाता**

जनकपुरधाम। ईलाका प्रहरी कार्यालय महेन्द्रनगरको हिरासत कक्ष फोडेर फरार भएका ६ जना अभियुक्तमध्ये पाँच जनालाई प्रहरीले पक्राउ गरे पनि सोही घटनाका २५ वर्षीय रोशन यादव अझै पक्राउ परेका छैनन्।

उनीहरु गत माघ १५ गते राति हिरासत कक्ष फोडेर फरार भएका थिए । प्रहरीले क्रमश पाँच जनालाई पक्राउ गरी जिल्ला अदालत धनुषाको आदेशाअनुसार अहिले पुर्पक्षको लागि सिन्धुली कारागारमा पठाइसकेका छन् । तर फरार भएको ५२ दिन बितिसक्दासमेत सार्वजनिक शान्ति सुरक्षा विरुद्धको अपराध मुद्दाका आरोपित क्षीरेश्वरनाथ नगरपालिका २ का रोशन अझै पक्राउ परेका छैनन्। यादव माघ ४ गते पक्राउ परेका थिए। उनी ११ दिन थुनामा बसेर अन्य थुनुवासँगै फरार भएका थिए।

उनलाई पक्राउ गर्न प्रहरी परिचालन भएको धनुषाका प्रहरी नायव उपरीक्षक वेदप्रसाद गौतमले जानकारी दिए। उनी छिट्टै पक्राउ गरिने उनको प्रतिबद्धता छ । सो घटनामा तीन जना प्रहरीलाई निलम्बन गरिएको थियो।

हिरासत कक्ष अधिकृत सहायक प्रहरी निरीक्षक (असई) अशोक मण्डल, प्रहरी हवलदार सरोज रेग्मी र प्रहरी जवान रोहन मगर निलम्बनमा परेका हुन्। त्यस्तै त्यहाँ कार्यरत २६ जना प्रहरीलाई पनि जिल्लामा तानिएको छ।

प्रहरीले दुई वटा छानबिन समिति गठन गरे पनि प्रतिवेदन बुझाएका छैनन् । १५ दिनभित्र प्रहरी प्रमुख समक्ष प्रतिवेदन बुझाउनु पर्ने भनिएको थियो।

# जीतपुरसिमरा गोल्डकपको सम्पूर्ण तयारी पूरा

**रञ्जन यादब**

बारा। चैत ९ गते देखि बाराको सिमरामा हुने मोफसलकै प्रतिष्ठित फुटवल प्रतियोगिता जगदम्बा जीतपुरसिमरा गोल्डकपको सम्पूर्ण तयारी पूरा भएको छ। प्रतियोगिताको १३ औं संस्करणलाई लक्षित गर्दै आयोजक नव जनजागृति युवा क्लबले रंगशालामा मञ्च व्यवस्थापन, प्यारापीट रंगरोगनको काम गरिरहेको छ । रंगशालामा मंगलवार पत्रकार सम्मेलनको आयोजना गर्दै आयोजकले तयारी अन्तिम चरणमा पुगेको समेत जनाएको छ।




आयोजक क्लबका अध्यक्ष रामचन्द्र लामाले प्रतियोगिताको तयारी अन्तिम चरणमा पुगेको जनाए । लामाका अनुसार प्रतियोगितामा 'ए' डिभिजनका पाँचसहित १० टिमले सहभागिता जनाउने निश्चित भएको छ। साविक विजेता न्युरोड कर्नर टिम (एनआरटी), उपविजेता नेपाल एपीएफ क्लब, चर्च ब्वाईज, सातदोबाटो युथ क्लब, हिमालयन शेर्पा क्लब, मोफसलका वीरगञ्ज युनाइडेड क्लब, मकवानपुर ११, बागमती युवा क्लब, केबीए ग्लोबल चितवन र आयोजकले प्रतियोगितामा सहभागिता जनाउने छन्।

चैत १८ गतेसम्म सञ्चालन हुने प्रतियोगिताको उद्घाटन खेल आयोजक र चितवनबीच हुने भएको छ । जीतपुरसिमरा उपमहानगरपालिका मुख्य सहयोग र जगदम्बा स्टील्स् प्रालि मुख्य प्रायोजक रहेको प्रतियोगितामा विजेताले १० लाख र उपविजेताले पाँच लाख प्राप्त गर्नेछन् । विधागत पुरस्कारतर्फ सर्वोत्कृष्ट खेलाडीले एक थान मोटरसाइकल, उत्कृष्ट गोलरक्षक, मिडफिल्ड, डिफेन्स, फरवार्ड, प्रशिक्षक, सर्वाधिक गोलकर्ताले जनही २० हजार प्राप्त गर्नेछन् भने उदयमान खेलाडीले नगद १५ हजार पाउनेछन्।

प्रतियोगिताको सम्पूर्ण खेल फ्लड लाईटमा हुनेछन्। पछिल्लो दुई वर्षदेखि सिमरा रंगशालामा रात्रि समयमा खेल भईरहेको छ। गर्मी मौसम र दर्शकलाई लक्षित गर्दै आयोजकले फ्लड लाईटमा खेल सञ्चालन गर्न थालेको हो । रात्रिको समयमा खेल हुँदा दर्शकको बाक्लो उपस्थिति हुँदै आएको छ । आयोजकले प्रतियोगिता सञ्चालन गर्न अनुमानित एक करोड ६ लाख रुपैया खर्च हुने जनाएको छ।

# दश किलो गाँजा बरामद

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको बरहथवाबाट प्रहरीले १० किलो गाँजा बरामद गरेको छ । प्रदेश प्रहरी कार्यालय जनकपुरधामले दिएको जानकारी अनुसार जिल्लाको बरहथवा नपा-१७ श्रीपुर कटानी स्थित ईट्टा भट्ठा नजिकबाट दुई वटा प्लाष्टिकको पोकामा राखिएको १० किलो गाँजा बरामद गरिएको छ।

ईलाका प्रहरी कार्यालय बरहथवाबाट प्रहरी सहायक निरीक्षक छोटेलाल यादवको कमाण्डमा खटेको गस्ती टोलीले विशेष सूचनाको आधारमा सवारी चेकजाँच गर्ने क्रममा पोका बरामद गरेको छ।

मोटरसाइकलमा सवार रहेको दुई जनाले पोका फालेको र फाल्ने व्यक्तिहरु फरार रहेको बताइएको छ। नियन्त्रणमा लिइएको सो गाँजालाई आवश्यक कारबाहीका लागि ईलाका प्रहरी कार्यालय बरहथवामा राखिएको जनाइएको छ।

यसैबीच सर्लाहीको विष्णुपुर गाउँपालिका-६बाट प्रहरीले अवैध सुनसहित दुई जनालाई पक्राउ गरेको छ । मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधामले दिएको जानकारी अनुसार प्रहरी सहायक निरीक्षक धर्मेन्द्र ठाकुरको कमाण्डमा खटेको टोलीले बीआर ०६ बीजी १९८६ भारतीय नम्बर प्लेट भएको मोटरसाईकललाई रोकेर चेकजाँच गर्दा १५/१५ ग्रामको दुई थान तथा १६ ग्रामको एक थान गरी ४६ ग्राम सुनसहित दुई जनालाई नियन्त्रणमा लिएको जनाइएको छ।

**औरही गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**औरही, सिरहा**
**मधेश प्रदेश, नेपाल**

**बोलपत्र आव्हान सम्बन्धी संशोधित सूचना**

यस औरही गाउँपालिकाको ठेक्का सम्बन्धि सुचना मिति २०७९/११/३० गतेको जनकपुर टुडे रास्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गरिएको सुचना प्राविधिक कारणवश PPMO को सिस्टममा अपलोड हुन नसकेकोले सो सूचनाको प्रकाशित मिति २०७९/१२/०८ (22 Mar 2023) कायम गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**प्र. प्रशासकीय अधिकृत**

**Expression of Interest (EOI)**
**UNFPA Nepal Country Office**

UNFPA, United Nations Sexual and Reproductive Health Agency in Nepal invites Expression of Interest (EOI) from national non-governmental organizations (NGOs), who are legally registered in Nepal, for prospective partnership to support achievement of the 9th Country Programme results (2023-2027) primarily in Koshi, Madhesh, Lumbini, Karnali and Sudurpaschim Provinces.

Those interested to submit an expression of interest (EOI) must register in the United Nations Partner Portal (UNPP), https://www.unpartnerportal.org, and complete their profile to access the EOI. The step by step guidance for registration and submission can be accessed here: https://nepal.unfpa.org/en/call-for-submissions.

The interest should be submitted by **Wednesday, 12 April 2023, 17:00 hrs. (Nepal time)**. Applications must be submitted in English together with supporting documents in the UNPP. The interest received after the date and time will not be accepted for consideration.

UNFPA will review EOIs for placement on a short-list of potential organizations. Those short-listed organizations may be invited to submit formal proposals to become an implementing partner.

***Note:*** *Due to the high volume of communications, UNFPA is not in a position to confirm receipt of the expression of interests.*

**गोडैता नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**गोडैता, सर्लाही**
**मधेश प्रदेश, नेपाल**


**बोलपत्र स्वीकृत गर्ने वारेको आशयको सुचना**

**प्रकाशित मितिः२०७९/१२/०८**

यस नगर कार्यपालिकाको मिति २०७९/०८/२७ मा e-procurement portal http://bolpatra.gov.np/egp/ र जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित वोलपत्र आवहानको सुचना Godaita/Sarlahi/NCB/W/05/079-080, Construction of Municipal Building in Godaita Municipality कार्यको विद्युतीय खरिद प्रणाली (e-gp) मार्फत बोलपत्र आह्वान भई माग भए अनुसारको दर्ता हुन आएका वोलपत्रहरु मध्ये तल उल्लेखित वोलपत्र न्युनतम मूल्याय्ति सारभुत रुपमा प्रभावग्राही भइ स्वीकृतिकालागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७ को उपदफा २ को प्रयोजनको लागि ७ (सात) दिने सुचना प्रकाशित गरिएको छ। साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो बोलपत्र स्वीकृत गर्ने आशयको सुचना प्रकाशित गरिएको छ।

| क्र.स. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम, ठेगाना | कवुल गरेको रकम (मु. अ. कर समेत) |
|---|---|---|---|---|
| १. | Godaita/Sarlahi/NCB/W/05/079-080 | Construction of Municipal Building in Godaita Municipality | M/S Parbati- Arvind JV, Nepalgunj, Banke | Nrs. 6,32,56,725.73 |

**प्रमुख प्रशासकीय अधिकृत**



अन्यत्र गका पापबाट जनकपुधाममा मुक्ति पाउन किन्छ।
जनकपुधाममा गका पापबाट मुक्ति पाउन थान अन्यत्र छन ॥

## म्पादकीय

# अब देश निर्माणमा लाग

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले तीन महिनामा दोस्रो पटक विश्वासको मत लिएका छन् । उनले विश्वासको मत लिँदा पहिलो पटक पक्षमा मतदान गरेका एमाले र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले मत दिएनन् ।त्यस बाहेक विश्वासको मतमा केही फरक देखिएन् । पहिलो पटक विश्वासको मत लिँदा प्रचण्डलाई सरकार बनाउन एमाले र राप्रपाले समर्थन गरेका थिए। तर विश्वासको मत कांग्रेस पार्टीले पनि दिएको थियो । गठबन्धन तोडेर एमालेको सहयोगमा प्रधानमन्त्री बने पनि प्रचण्डलाई कांग्रेसले विश्वासको मत दिएर निकटता बढाउन गरेको प्रयास सफल भयो। त्यसको परिणाम स्वरुप कांग्रेसले राष्ट्रपति पाए। सरकारमा जाने मार्ग प्रशस्त भयो। देशमा नयाँ राजनीतिक समीकरण बन्यो। एमाले र राप्रपा सरकारबाट बाहिरियो। प्रधानमन्त्रीले अपेक्षा गरेको भन्दा धेरै बढी समर्थन प्राप्त गर्न सफल भएका छन्। विश्वासको मत प्राप्त गरिसकेपछि प्रधानमन्त्री प्रचण्डले यसै सप्ताह मन्त्रिपरिषद् विस्तार गर्ने घोषणा गरे। सरकारबाट एमाले र राप्रपा हटेपछि १६ वटा मन्त्रालय प्रधानमन्त्री प्रचण्डको जिम्मामा छ। सत्तागठबन्धनमा रहने दलहरुलाई मन्त्रालयको जिम्मेवारी दिएर प्रधानमन्त्री देश निर्माणमा जुट्नु पर्छ। नेपालको राजनीतिमा विश्वासको संकट सदैव रहँदै आएको छ। प्रचण्डले दोस्रो पटक विश्वासको मत लिनुको प्रमुख कारण पनि त्यही हो। राजनीतिक अस्थिरताकै कारण देशमा अनेक समस्या पैदा भएका छन्। आर्थिक अवस्था कमजोर हुँदै गएको छ। बेरोजगारीको समस्या विकराल बनेको छ। निर्यात हुने अन्न आयात हुन थालेको छ। विदेशी व्यापार घाटा अतुलनीय छ। भ्रष्टाचार उत्कर्षमा पुगेको छ। सर्वसाधारण दिन प्रतिदिन गरिब बन्दै छन्। सीमित व्यक्ति धनी हुँदैछ। देशको अर्थतन्त्रमा केही व्यक्तिको पकड बलियो बनेको छ। प्रधानमन्त्री प्रचण्डले यस्ता समस्याहरुलाई समाधान गर्नु ठूलो चुनौती हो। प्रचण्ड अब फेरि प्रधानमन्त्री बन्ने चाहना राख्नु अस्वभाविक नहोला। तर उनले देशको बिग्रेको अवस्थालाई सुधार गर्नुलाई नै प्राथमिकतामा राखेर अगाडि बढनुको बिकल्प छैन् । संसारको सीमित सुन्दर र विकासको प्रचुर संभावना भएको देश नेपाल हो। तर राजनीतिक दलका नेताहरुमा देश बनाउने इच्छाशक्ति कमजोर देखियो। प्रचण्डलाई राजनीतिक खेलाडी मानिन्छ। तर सरकार बनाउने र खसाउने भन्दा देश निर्माणमा उनले आफ्नो क्षमता देखाउन सकेका छैनन्। यसपटक प्रचण्डले देश बनाउने राम्रो अवसर पाएका छन्। यसलाई उनले सदुपयोग गर्नुपर्छ। देश निर्माण गर्ने मौकामा प्रचण्ड चुके उनले गरेको राजनीतिक योगदानको अबमूल्यन हुनेछ। राजनीतिकर्मीका लागि सत्ता प्राप्ति अन्तिम लक्ष्य मानिन्छ। तर त्यो नै पूर्ण भने होइन्। देशका धेरै प्रधानमन्त्रीको तस्वीर भित्तामा टाँसिएको बाहेक केही छैन् । देश निर्माण गर्न असफल भए प्रचण्डकोपनि तीन वटा फोटो भित्तामा रहनु बाहेकको सम्मान पाउन सक्ने छैन् । आवश्यकता भन्दा धेरै बढी राजनीतिक शक्ति प्रतिनिधिसभाबाट प्राप्त गरेका प्रचण्डले अब सबैलाई विश्वासमा लिएर देश निर्माणमा लाग्नु आवश्यक छ।

# जल : आवश्यकता, उपयोग र दुरुपयोग



सञ्जय साह मित्र

जल एउटा तरल पदार्थ हो। विज्ञानले भन्दछ कि पृथ्वीमा दुई तिहाई पानी छ र एक तिहाई मात्र जमिन छ। यदि कुनै कारणले जल र जमिनको यो परिमाणात्मक सन्तुलन कायम गरिएको हो भने यसमा पक्कै पनि कुनै गूढ रहस्य निहीत छ भन्ने बुझ्नुपर्छ। यसको रहस्य फरक दर्शनले अलग दिनु स्वाभाविक होला। तर सामान्य रुपमा हेर्दा यो देखिन्छ कि पानी एकै ठाउँमा मात्र छैन। पानीको ठूलो हिस्सा समुद्र नै हो तर पृथ्वीको हरेक ठाउँमा पानीको उपस्थिति छ। सतहमा पानी नदेखिए पनि जमिनभित्र पानीको उपस्थिति रहेको देखिन्छ। पानीको उपयोगिता निकै भएको यसले संकेत गरेको छ। पानीको रुप धेरै छ। कतै ठोस रुपमा पनि देखिन्छ पानी जबकि हामी बुझ्दछौं, पानीको स्वाभाविक रुप तरल हो। पानीको तिन रुपमा उपस्थिति देखिन्छ। ठोस, तरल र ग्याँस। पानीको ठोस रुप चाहिँ बरफ हो, हिउँ हो। पानीको ग्याँस रुप चाहिँ बाफ हो, बादल हो। बादललाई पनि पानीको एउटा रुपमा लिन सकिन्छ। पहाडमा जहाँ निकै चिसो हुन्छ, माइनसमा तापक्रम हुन्छ त्यहाँ बरफको रुपमा पानी हुन्छ किनभने त्यहीँ बरफलाई तताउँदा पानी बन्छ। पानीलाई धेरै तताउँदा बाफ बन्छ। बाफलाई चिस्याउँदा पानी बन्छ। यसरी पानीको तिन रुप हुन्छ भन्ने कुरो सत्य हो र सर्वसाधारणले देखिने तथा बुझिने गरी हिउँ, पानी र बादल सदैव देखिने कुरा हुन्। यही पानीलाई जल पनि भनिन्छ। जल भनेको पानी हो। पानी जहाँसुकै पनि सबैले बुझ्दछन् तर जल अलिक शिक्षित र संस्कृत नजिक रहेकाले प्रयोग गर्दछन्। यसै गरी पवित्र कामका लागि पानीको प्रयोग गरिँदाको अवस्थामा पानीलाई जल भनिएको पाइन्छ।

जललाई जीवन भनिन्छ। यसको अभिधामा सजिलो छ कि जल छ भने जीवन छ तर यसको गुह्यार्थ भने निकै विशाल छ। जललाई जीवनको प्रारम्भ भनिएको हो। जललाई जीवनको प्रारम्भ दुई किसिमले मानिएको पाइएको छ। वीर्य रुप र जीवनको प्रारम्भ रुप। वीर्य रुपको बारेमा के मान्यता रहेको छ भने कुनै पनि वीर्य अत्यन्त पातलो हुन्छ पानीको जस्तै। ठोस वीय देखिने विभिन्न विरुवाको ठोसताभित्र पनि निकै पातलोपना हुन्छ। र, अर्कोले यो विश्लेषण गर्दछ कि सबैभन्दा पहिले पानीमा जीवको जन्म भएको हो। यस मान्यतामा विज्ञानदेखि धर्मशास्त्र पनि एकमत रहेको पाइन्छ। हिन्दू धर्मले सबैभन्दा पहिले विष्णुको मत्स्यावतार पानीमा नै भएको मानेको छ। पानीमा पहिलो अवतार हुनुको अर्थ यो पनि हो कि पानीबाटै जीवन चलेको छ। यसै गरी आधुनिक विज्ञानले पनि पानीबाट नै जीवनको उत्पत्ति भएको र विस्तारै पानीबाट जमिन र पानी तथा जमिनमा जीवन बाँच्ने क्रम सुरु भएको बताएको पाइन्छ। विज्ञानको विकासवादी सिद्धान्तले पनि पानीबाटै जीवनको सुरुआत भएको मान्नु तथा शास्त्रहरुले पनि भगवानको पहिलो अवतार पानीमा नै भएको मान्नुले यही संकेत गर्दछ कि पानी नै जीवन हो। पानीको महत्व र महत्ता निकै धेरै रहेको छ। यसै पनि जलबिना जीवनको कल्पना गर्न सकिँदैन। जीवनको कल्पना गर्न नसकिने हुनाले नै जललाई नै जीवन भनिएको हो। जललाई जीवन मान्ने कुरामा सायदै कोहीले अस्वीकार गर्न सक्लान्। यो पनि भनिन्छ कि अन्नबिना मानिस धेरै दिन बाँच्न सक्छ तर पानीबिना मानिस धेरै दिन बाँच्न सक्दैन। मानिसले बाँच्नका लागि जे जे उपभोग र उपयोग गर्दछ, त्यसमा जलको मात्रा निकै बढी हुन्छ भन्ने कुराले पनि जललाई जीवन भनिएको हुन सक्छ।



**जलले जीवन दिने हो भने जलको अभावमा कुनै किसिमको जीवन नरहने पनि स्पष्ट छ। यसर्थ जललाई जहाँ जहाँबाट खतरा छ, त्यहाँ त्यहाँको खतरा हटाउनु आवश्यक छ र जललाई जोगाउँदै यसको स्रोत र मूललाई संरक्षण गरिनु जरुरी छ। पर्यावरणलाई पनि जलसित जोडेर हेर्नु बुद्धिमानी हुनेछ। पर्यावरण जोगाउन जलको स्रोतलाई जोगाउनतिर सोच्नु आवश्यक रहेको छ।**

मानिसको शरीरमा पनि पानीको मात्रा बढी छ। पृथ्वीमा जसरी ठाउँठाउँमा नदी र झरनाहरु रहन्छन्, पृथ्वीको गर्भमा जसरी पानी नै पानी रहेको छ। त्यसरी नै शरीरमा पनि पानीको मात्रा रहेको मानिन्छ। शरीरमा पानी विभिन्न रुपमा रहेको हुन्छ। रगतलाई पनि पानीको एउटा रुप मानिएको छ। यसै गरी मासुमा पनि पानीको केही मात्रा हुन्छ। शरीरमा पानीभन्दा बढी भोजनको आवश्यकता हुँदैन। पानीको मात्रा र भोजनको मात्रा कमी भयो भने पहिले पानीको मात्रा पूरा गर्नुपर्छ। सबै भोजनको उत्पादन गर्न तथा पकाउनमा पानीको आवश्यकता पर्दछ। फलफूलमा पनि पानीको मात्रा हुन्छ। यसरी पानीले मानिस र समग्र जीवनलाई प्रभावित पारेको हुन्छ। यसबाट यो स्पष्ट हुन आउँछ कि जलको आवश्यकता मानिसलाई छ, मानिसलाई आवश्यक पर्ने सबै वनस्पति तथा जीवजन्तुलाई छ। पर्यावरण र परिवेशलाई छ। मानिसको सम्पूर्ण सेरोफेरो पानीमा केन्द्रित छ। पानीको अभावमा मानिसको अस्तित्वको कल्पना गर्न सकिँदैन। यसकारण पानीको आवश्यकता र महत्व सबैलाई रहेको छ र यो सधैँको लागि रहेको छ।

भनिन्छ सबैतिर जल नै जल छ तर पनि जल सीमित छ। जलको आवश्यकता सबैतिर सबैको लागि सधैँको लागि भएकोले जलको सीमितता मानिएको हुनुपर्छ। जलको सीमितताको अर्थ यो पनि मानिएको छ कि पृथ्वीमा रहेको सबै जल मानिसलाई उपयोगिताको दृष्टिकोणले पिउनयोग्य रहेको छैन। पिउनयोग्य रहेको जलको मात्रा पृथ्वीमा उपलब्धताको दृष्टिकोणले निकै कम रहेको छ। जब यो तथ्य संज्ञानमा आउँछ तब पृथ्वीको पानीको उपयोगिता हुनुपर्ने विचार आउँछ। पानीको दुरुपयोग रोकिनु पर्छ। पानीको दुरुपयोग रोकिनु भनेको पानीको बर्बाद रोकिनु हो तर अहिलेसम्म खोलामा नाला मिसाउन रोकिएको छैन। खोलामा नाला मिसाउनुभन्दा पहिले प्रशोधन गरिनु अनिवार्य हुन्छ। जथाभावी पानीको दोहन गरिएको छ। जलाशय र जलाधारहरु सुक्दै जाँदा पनि कतैबाट यसतिर सोचिएको पाइँदैन। शब्दमा केही उल्लेख गरिए पनि वास्तवमा अर्थमा भने चिन्ताले केही गरेको पाइँदैन। चिन्ताले सार्थक रुप तब पाउँछ जब आफूले सकेको उपायले चिन्तालाई हटाउने प्रयास हुन्छ हैनभने चिन्ता एउटा फेसन हुन जान्छ। नजानिँदो किसिमले विकृति आएको हुन्छ मनमा। मनमा विकार उत्पन्न भएको हुन्छ।

लगातार पानीको स्रोतमाथि प्रहार भइरहेको छ। एकचोटि फेरि त्यस चक्रलाई सम्झिनु जरुरी छ जसले हामीलाई धरतीलाई लागेको तिर्खा बिर्साइरहेको छ। आजभोलि मानिसले जताततै ढलान र नाला निर्माण गरिरहेका छन्। ढलानले आँगन र घर वरिपरि ढाकिरहँदा जमिनले पानीको आवश्यक शोषण गर्न पाइरहेको हुँदैन। घर र आँगनको क्षेत्रफलको पानी नाला भएर खोलामा पुग्द छ। फेरि जमिनमनिको पानी उपयोग गरिरहेका छौँ। खानेपानीको धाराको माध्यमबाट होओस् वा कलधाराको माध्यमबाट होओस् जमिनबाट पानी निकालेर सतहमा प्रयोग गर्दछौँ। सतहमा प्रयोग गरिएको पानी जमिनमा पस्न नपाइकनै नाला भएर सोझै नदीमा पुगिरहेको छ र जमिन चाहिँ सुख्खा भइरहेको छ। जमिनले पानी नपाउँदा भोलि जमिनलाई नै पानी अपुग हुन सक्छ। जमिन जब सुख्खा हुन थाल्दछ भने त्यसको असर वनस्पति वा उत्पादनमाथि र फेरि त्यसको असर मानिसमाथि पर्ने हुन्छ। यसरी पानीको उपयोग गरिरहँदा हामीले उपयोग गरेका छौँ कि दुरुपयोग त्यो भने बुझ्नैपर्छ। पानीको दुरुपयोग अन्य माध्यमले पनि भइरहेको छ। पानीको दुरुपयोगको माध्यम तथा साधनहरुलाई पहिचान गरी विस्तारै कम गर्नु जरुरी भइसकेको छ।

जल निकै महँगो छ। यसको मूल्य बुझ्ने हो भने जललाई निकै महँगो मान्न सकिन्छ। यद्यपि यो बिना मूल्य सर्वत्र उपलब्ध छ। यसलाई कतिपय ठाउँमा उपयोगिताविहीन देख्न सक्छौँ, यो हाम्रो दृष्टिकोणमा निर्भर रहने कुरो हो तर जसलाई जुन प्रयोजनको लागि जति जल चाहिएको हुन्छ, त्यसभन्दा एक थोपा पनि खेर फाल्नु दुरुपयोग हो। जहाँ आवश्यकै छैन त्यहाँ जलको उपयोग मान्नु दुरुपयोग हो। जलको दुरुपयोगको क्षेत्र पनि धेरै छ। जललाई जीवनसित जोडिएर हेरिएको छ तर हाम्रो समाजले अझै पनि जललाई भविष्यसित जोडेर हेरेको पाइएको छैन। जलको स्रोत निरन्तर सुकिरहँदा पनि भविष्यप्रति सचेत नहुने एउटै कारण हो जमिनभित्र पर्याप्त जलको उपस्थिति। तर यो जल पनि निरन्तर सुक्दै गइरहेको अध्ययनले बताएका छन्। जललाई जीवनसित जोडेर हेर्दै जललाई भविष्यसित पनि जोड्नु परेको छ। जलको दुरुपयोग गर्दा भविष्यमा जलको अप्राप्यता हुन सक्छ भन्ने कुरालाई बुझेर अरुलाई बुझाउनु आवश्यक छ। वास्तवमा जलको उपयोगिताको दृष्टिकोणमा नै सकारात्मक परिवर्तन गराउनु परेको छ। जलले जीवन दिने हो भने जलको अभावमा कुनै किसिमको जीवन नरहने पनि स्पष्ट छ। यसर्थ जललाई जहाँ जहाँबाट खतरा छ, त्यहाँ त्यहाँको खतरा हटाउनु आवश्यक छ र जललाई जोगाउँदै यसको स्रोत र मूललाई संरक्षण गरिनु जरुरी छ। पर्यावरणलाई पनि जलसित जोडेर हेर्नु बुद्धिमानी हुनेछ। पर्यावरण जोगाउन जलको स्रोतलाई जोगाउनतिर सोच्नु आवश्यक रहेको छ।

# समाजिक विभाजनको उत्पति



बेचन कुमार महतो
महासचिव
नेपाल मधेशी निजामती कर्मचारी मञ्च

### पृष्ठभुमी

समाजिक विभाजन मुख्यतः मानिसको जन्म कुल माथि आधारित हुन्छ। समान्यतयाः आफ्नो समुदाय छनौट गर्ने अधिकार हाम्रो वसमा हुदैन। खास गरी कुनै खास समुदायको खास परिवार/कुलमा जन्मेकै कारण हामी त्यो समुदायको सदस्य हुने गर्दछौ। जन्म कुल माथि आधारित समाजिक विभाजन हामी हाम्रो दैनिकीमा अनुभव गर्ने गर्दछौ। महिला होस वा पुरुष, अग्लो होस वा होचो सवैको छालाको रँग फरक फरक हुने गर्दछ, सवै शारिरिक क्षमता वा असमक्षता फरक फरक हुने गरेको हामीले देख्दै आएका छौ, अनुभुति पनि हुने गरेको नै छ। तथापी सवै किसिमको समाजिक विभाजन सदैव जन्म कुलको आधारमा हुदैन। केहि चिज हाम्रो व्यक्तिगत ईच्छा र सोही अनुसारको छनौट प्रकृयाको कारणले पनि हुने गर्दछ। कति पय मानिसले आफ्नो कुल खानदान वा परिवारको विपरित आफ्नो ईच्छा अनुसारको धर्म अपनाउने गर्दछन्। हामी सवैले आफ्नो पढाईको विषय, पेशा, खेल वा साँस्कृतिक गतिविधीको छनौट आफ्नो ईच्छा अनुसार गर्ने गर्दछौ। यी सवै आधारमा पनि समाजिक समुह बन्दछ जुन जन्म कुलमा आधारित हुदैन।

हरेक समाजिक विभिन्नताले समाजिक विभाजनको रुप नलिन नि सक्छ। यद्यपी समाजिक विभिन्नता मानव-मानव विच आपसि भेदभावको प्रमुख कारण त हुन सक्ला तर कतिपय अवस्थामा यसले अलग अलग समुदायको विच पुलको काम पनि गरेको हुन्छ। विभिन्न समुदायमा आवद्ध मानिसले आफ्नो समुदायको भ्यालुज र नर्मस वाहिर गएर पनि समानताको परिकल्पना र असमानताको तितो अनुभुति पनि लिई रहेको हुन सक्दछ। उदाहरणको लागी कार्लोस र स्मीथ त एक हिसाव (दुवै एफ्रो अमेरिकन)ले समान थिए जवकि नार्मन स्वेत थिए। तर यी तिनैमा एक किसिमको समानता के थियो भने यी तिनै नश्लीय भेदभावको कट्टु आलोचक थिए, विरोधी थिए।

प्रायः जसो देखिएको यर्थात के हो भने कुनै विशेष धर्म मान्ने व्यक्तिहरु कुनै खास परिवार, समुदाय, जात, वर्ण, वर्ग वा लिङ्गका मात्र हुदैन्न ।अलग अलग धर्मको अनुयायी भएर पनि हामी मानव एक अर्काको ठुलो हिमायती, विश्वासी वा शुभचिन्तक हुन सक्ने सम्भावना उतिकै प्रवल हुन सक्दछ। फरक फरक सोंचका कारण एकै परिवारका धनि र गरिव सदस्यहरु बिच पनि घनिष्ठ सम्वन्ध नहुन नि सक्दछ। अतः यी र यस्तै कारणहरुले गर्दा हामी सवैको एक भन्दा बढी पहिचान हुने गर्दछ। एकै व्यक्ति एक भन्दा बढी समाजिक समूहको हिस्सा बन्न पुग्दछ। वास्तवमा छुट्टाछुट्टै सन्दर्भमा हाम्रो छुट्टाछुट्टै पहिचान हुने गर्दछ।

### विभिन्नतामा समान्जस्यता र टकराव

जव केही समाजिक अन्तर अन्य विभिन्नता भन्दा माथि र ठुलो हुन्छ तव समाजिक विभाजन हुन्छ। अमेरिकामा स्वेत र अश्वेतको अन्तर एक समाजिक विभाजन हो किन भने प्रायः अश्वेतहरु गरिव छन्, वेघर छन्, भेदभावका शिकार छन्। हाम्रो देशमा पनि प्रायः दलित गरिव र भुमिहिन छन्। प्रायः मधेशीहरु मुलप्रवाहीकरणवाट बहिष्कृत छन्, नागरिकता विहिन छन्। जब एक प्रकारको समाजिक अन्तरले अन्य अन्तर भन्दा बढि महत्व पाउँछ तव मानिसले आफु अन्य समुदायको रहेको महसुस गर्दछन्। आफु सँग भेदभाव हुने गरेको अनुभुति गर्दछन र समाजिक बिभाजनको स्थीति पैदा हुने गर्दछ। पेशागत सवालमा पनि जव कुनै खास पेशाले वढि महत्व पाउँछ तव समाजिक विभाजनको तुष रोपिन्छ।

**लोकतन्त्रमा राजनैतिक दलले लागि समाजिक बिभाजनको कुरो गर्नु र विभिन्न बैचारिक समूह सँग अलग अलग प्रतिवद्धता जनाउनु स्वभाविक नै हो। बिभिन्न समुदायलाई उचित प्रतिनिधित्व गराउने प्रयास गर्नु र विभिन्न समुदायको उचित माँग र आवश्यकता पुरा गर्ने नीति बनाउनु पनि राजनैतिक कडिको हिस्सा हो।**

यदि एकै किसिमको समाजिक असमानता धैरै समाजिक समूहहरुमा देखियो भने विभिन्न समूहमा आवद्ध सदस्यहरुले छुट्टै पहिचान पाउन कठिन हुन सक्दछ। यसको मतलव के हो भने कुनै विशेष मुद्दामा विभिन्न समूहहरुको साझा अवधारणा हुन सक्दछ जबकी अन्य मुद्दामा भने फरक मत रहि रहन सक्दछ। उत्तरी आयरल्याण्ड र नेदरल्याण्डको उदाहरण लिन सकिन्छ। दुवै ईसाई वाहुल्य देश हुन तर यहाका जनता प्रोटेस्टेंट र क्याथोलिक खेमामा बाँडिएका छन्। उत्तरी आयरल्याण्डमा वर्ग र धर्मको बिच गहिरो समानता छ। यहाँका क्याथोलिक समुदाय गरिब छन्। लामो समय देखि उनिहरु सँग भेदभाव हुँदै आएको छ। यसको ठिक बिपरित नेदरल्याण्डमा वर्ग र धर्म बिच यसतो समानता देखिदैन। यहाँ प्रोटेस्टेंट र क्याथोलिक दुवै समुदायमा धनि र गरिब छन्। परिमाणतः उत्तरी आयरल्याण्डमा क्याथोलिक र प्रोटेस्टेंट बिच भयन्कर मारकाट चलि रहन्छ तर नेदरल्याण्डमा भने यो अवस्था छैन। यस मानेमा जब बिविध समाजिक विभिन्नता बिच भिडन्त हुन्छ तब परस्पर तिरस्कृत समाजिक बिभाजनको धरातल तयार हुने गर्दछ। तर जहाँ समाजिक बिभिन्नता एक साथ विभिन्न समूहमा विद्यमान हुन्छ त्याँहा समाजिक समानजस्यता कायम गर्न अपेक्षाकृत सजिलो हुन्छ।

आज अधिकतम समाजमा धैरै किसिमका बिभाजन देखिन्छ। देश ठुलो होस या सानो यसले खासै फरक पर्दैन। भारत ठुलो देश हो। यहाँ धैरै समुदायका मानिसहरु बस्दछन्। नेपाल सानो देश भएता पनि यहा पनि धैरै समुदायका मानिसहरु बस्छन्। जर्मनी र स्वेडेन जस्तो समरुप समाज जहा अधिकाँश नागरिक एकै नश्ल र संस्कृतिका छन् त्याहा पनि दुनियाको अन्य देशबाट पुग्ने गैर नागरीकका कारण तिव्र गतिमा समाजिक बदलाव भई रहेको छ। यस विदेशी नागरिकहरुले आफु साथ आफ्नो सँस्कृति समेत भित्र्याउने गर्दछन्। आफ्नो छुट्टै समुदाय बनाउने प्रवृति बोकेका हुन्छन्। यस कारणले आज विश्वका अधिकाँश देशहरु बहु-साँस्कृतिक हुन पुगेका छन्।

### समाजिक बिभाजनको राजनिति

समाजिक बिभाजनले राजनितिलाई कसरी प्रभावित पार्दछ? राजनितिको समाजिक विभाजन देखि सम्वन्ध छ? पहिलो नजरमा राजनिति र समाजिक बिभाजन बिचको मेलजोल बहुतै खतरनाक र विष्फोटक लाग्न सक्छ। लोकतन्त्रमा बिभिन्न राजनैतिक दल बिच प्रतिष्पर्धि माहोल हुन्छ। अस्वस्थ्य प्रतिष्पर्धाको कारण कुनै पनि समाज बिभाजनको शिकार बन्न सक्दछ। यदि राजनैतिक दलले मौजुदा सामाजिक बिभाजनलाई अस्त्र बनाई राजनिति गर्ने हो भने समाजिक बिभाजन राजनैतिक बिभाजनमा परिणत हुन सक्दछ र देश बिखण्डन उन्मुख हुन सक्दछ। यसतो धैरै देशमा भई पनि सकेको छ। धार्मिक र जातिय बिभाजनको आधारमा शुरु भएको राजनैतिक होडले युगोस्लाविया कयौ टुक्रामा बिभाजन भएको छ। निश्कर्ष के हो भने राजनिति र समाजिक बिभाजन बिचको मेल प्रतिउत्पादक हुन सक्दछ। यी दुई आयाम बिच सक्भर मेल नभएकै राम्रो। अझ समाज कुनै किसिमले बिभाजन नहुनु नै सर्वश्रेष्ठ अवस्था हो। देशको आन्तरिक समाजिक बिभाजनलाई राजनितिकरण हुन नदिनु नै पुर्व सचेतता हो।

तर यर्थातता के पनि हो भने समाजिक बिभाजनको हरेक अभिव्यक्तिले फुटको राजनितिलाई प्रश्रय दिएको हुदैन। हामीले देखेका छौ कि दुनियाको अधिकाँश देशमा कुनै न कुनै किसिमको समाजिक बिभाजन छ र यसतो बिभाजनले राजनैतिक पृष्ठपोषण पनि पाउने गरेको छ। लोकतन्त्रमा राजनैतिक दलले लागि समाजिक बिभाजनको कुरो गर्नु र विभिन्न बैचारिक समूह सँग अलग अलग प्रतिवद्धता जनाउनु स्वभाविक नै हो। बिभिन्न समुदायलाई उचित प्रतिनिधित्व गराउने प्रयास गर्नु र विभिन्न समुदायको उचित माँग र आवश्यकता पुरा गर्ने नीति बनाउनु पनि राजनैतिक कडिको हिस्सा हो। अधिकाँश देशमा मतदानको स्वरुप र समाजिक बिभाजन बिच प्रत्यक्ष सम्वन्ध देख्न सकिन्छ। फलतः कुनै खास समुदायको मानिसले कुनै खास राजनैतिक दललाई बढि मन पराएको देख्न सकिन्छ, भोट दिएको बुझ्न सकिन्छ।

### तिन आयाम

समाजिक बिभाजन उपरको राजनितिकरणको परिणाम निम्नानुसारको तिन कुरो माथि निर्भर हुन सक्दछः

**(क) आफ्नो पहिचानको लागि पुर्वाग्रही भावनाः**

जब हामी आफुलाई सवै भन्दा विशिष्ठ र अलग मान्न थाल्दछौ तव अरु सँगको सह-अस्तित्व, सहकार्य र समन्वय गर्न मुस्किल हुने गर्दछ। उदाहरणको लागि जब सम्म उत्तरी आयरल्याण्डका मानिसहरु आफुलाई प्रोटेस्टेंट र क्याथोलिकको रुपमा परिभाषित गरि रहन्छन् तव सम्म त्याहाँ शान्ति फगत कल्पना मात्र हुनेछ। जव मानिस आफ्नो वहुस्तरीय पहिचान प्रति सचेत रहन सक्छन् र आफुलाई राष्ट्रिय पहिचानको हिस्सा वा सहयोगी रुपमा प्रस्तुत गर्न सक्छन् तव कुनै समस्या हुदैन। बेल्जियमका अधिकाँश नागरिकले आफुलाई बेल्जियाई मान्छन् भले हि तिनले जर्मन वा डच बोलोस। त्यसैले उनिहरु साथ साथ रहन परस्पर सहयोग पाउँछन्। नेपालीहरु पनि आफ्नो पहिचानको लागि यस्तै विश्वास राख्दछन्। हामी पहिले नेपाली हौ, त्यस पछि मात्र कुनै प्रदेश, भुगोल, साम्प्रदाय, भाषा वा धार्मिक समुदायका सदस्य।

**(ख) राजनैतिक दल र समुदायको माँगः**

कुनै पनि राष्ट्रको लागि संवैधानिक व्यवस्था भित्र पर्ने अन्य समुदायको हितलाई असर नपर्ने कुनै खास समुदायको आवाजलाई सम्वोधन गर्न सहज हुन्छ। श्रीलँकामाँ श्रीलँका केवल सिंहलियोको लागि मात्र भन्ने माँग तमिल समुदायको पहिचान र हित बिपरित थियो। युगोस्लोभियामा विभिन्न समुदायका नेताले आफ्नो जातिय समुहको तर्फबाट यस्तो माँगहरु राखेका थिए जुन एउटै देशको सिमा भित्र सम्वोधन गर्न असम्भव नै थियो। नेपालमा पनि मधेश केवल मधेशीको लागि मात्र भन्ने मानसिकता त्यागेकै स्वस्थकर हुनेछ।

**(ग) सरकारको व्यवहारः**

समाजिक बिभाजनको सन्दर्भमा समुदायको माँग उपर सरकारको प्रतिकृया पनि महत्वपुर्ण पक्ष हो। सरकार यदि शासन सत्तामा साझेदारी गर्न तयार हुन्छ र अल्पसंख्यक समुदायको उचित माँग पुरा गर्न ईमन्दारीपुर्वक प्रतिवद्ध रहने हो भने समाजिक विभाजन मुलुकको लागि कदापी खतरा बन्न सक्दैन। सरकारले यदि राष्ट्रिय एकताको नाममा न्याँयोचित माँगहरुलाई नदर अन्दाज गर्छ वा भनौ दमनको नीति लिन्छ भने यसले अक्सर उल्टो र नुकसानदेह परिणाम निम्त्याउँदछ। सरकारी ताकतको आडमा एकता बनाई राख्ने कोशिश अकसर बिभाजन उन्मुख हुने गर्दछ।

# सरकारमा जानुअघि न्यूनतम साझा कार्यक्रम ल्याऔं : नेता महर



काठमाण्डु । नेपाली कांग्रेसका युवा नेता नैनसिंह महरले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारमा सहभागी हुनुअघि कांग्रेसले पार्टीभित्र छलफल गरी न्यूनतम साझा कार्यक्रम ल्याउनुपर्ने धारणा राख्नुभएको छ।

नेपाली कांग्रेसका पूर्वसभापति एवं पूर्वप्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको १३औं स्मृति दिवसका अवसरमा काठमाडौंमा आज आयोजित एक कार्यक्रममा उहाँले न्यूनतम साझा कार्यक्रम तय गरी सत्ता साझेदार दलका बीचमा छलफल गराउनुपर्ने बताउनुभयो । उहाँले सरकारमा पार्टीको उपस्थिति नयाँ र सशक्त ढंगबाट हुनुपर्नेमा जोड दिनुभयो।

"सरकारमा सहभागी हुनु ठूलो कुरा होइन, सहभागी हुनुभन्दा पहिले गठवन्धनका दलबीच छलफल गरी न्यूनतम साझा कार्यक्रम बनाउनु पर्छ", उहाँले भन्नुभयो, "त्यसपछि मात्र सरकारमा सहभागिता हुँदा राम्रो हुन्छ।"

मुलुकको आर्थिक अवस्था सङ्कटोनुमुख हुँदै गएको भन्दै उहाँले उक्त समस्या समाधान गर्ने गरी न्यूनतम साझा कार्यक्रममा बनाइनुपर्नेमा जोड दिनुभयो।

"आम जनता मलदेखि ढलसम्मको समस्या भोग्न बाध्य छन् । महँगीले दिनहुँ आकाश छुँदैछ । दैनिक ज्याला मजदुरी गरेर जीवन चलाउने मजदुरलाई जीविकोपार्जन गाह्रो भइसकेको छ", उहाँले भन्नुभयो।

उहाँले देश र जनताले भोगिरहेका समस्यालाई सम्बोधन हुने गरी कांग्रेसले नीति तथा कार्यक्रमको खाका तयार गरी गठबन्धनमा आबद्ध दलमाझ लैजानुपर्ने धारणा राख्नुभयो।

"चुनावअघिको गठबन्धन फेरि बनेको छ, हामीप्रति जनताको ठूलो आशा पनि छ", उहाँले भन्नुभयो, "जनतालाई लोकतन्त्रप्रति विश्वास दिलाउन मुलुककै ठूलो लोकतान्त्रिक पार्टी कांग्रेस जिम्मेवार बन्नुपर्छ। रणनीतिका साथ योजनाबद्ध रूपमा काम गर्नुपर्छ।"

उहाँले गठबन्धनलाई जनताले संविधानको रक्षा, स्थिरता र समृद्धिको अपेक्षासहित मतदान गरेको बताउनुभयो । "गठबन्धन सरकारमा कांग्रेसको उपस्थिति बलियो हुनुपर्छ । युवालाई स्वरोजगार बनाउने रणनीति अवलम्बन गर्नुपर्छ, शून्य भ्रष्टाचार नीति अवलम्बन गर्नुपर्छ", उहाँले भन्नुभयो।

विस्तृत शान्ति सम्झौताका लागि गिरिजाप्रसाद कोइरालाको योगदानको स्मरण गर्दै उहाँले मुलुकमा लोकतन्त्रको रक्षा, संविधानको सफल कार्यान्वयन र समृद्धिको बाटोमा मुलुक अग्रसर भएमात्रै उनको सपना साकार हुने धारणा राख्नुभयो। रासस

# दलित समुदायको हकअधिकारका लागि सिङ्गो राज्य जिम्मेवार छ : प्रधानमन्त्री




काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले जातीय विभेद, ज्यादती र उत्पीडनमा परेको दलित समुदायको हकअधिकारका निम्ति सिङ्गो राज्य र निकाय जिम्मेवारपूर्ण ढङ्गले प्रस्तुत हुने बताउनुभएको छ।

अन्तर्राष्ट्रिय जातीय भेदभाव उन्मूलन दिवसका अवसरमा आज यहाँ आयोजित कार्यक्रममा उहाँले दलित समुदायको बृहत्तर विकास र उन्नतिका लागि राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार र समानताका निम्ति राज्यले क्षतिपूर्तिसहितको विशेषाधिकार एवं सकारात्मक विभेदको प्रक्रियाबाट मात्रै राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक समानताको आधारशीला खडा गर्न सकिने बताउनुभयो । "यसका निम्ति कानुन निर्माण, संशोधन एवं व्यवस्थापकीय पक्षमा सुधारका खेल्नुपर्ने भूमिकाका लागि नेपाल सरकार प्रतिबद्ध रहेको छ", उहाँले भन्नुभयो।

दक्षिण एशियाको विशिष्ट समस्याका रूपमा रहेको छुवाछुत र जातीय विभेदको उत्पीडनमा दलित समुदाय शताब्दीयौँदेखि पर्दै आएको जनाउँदै उहाँले यो समुदायमाथि मनुस्मृतिकालदेखि राज्य स्वयंले नै विभेदकारी नीति, नियम बनाएर विभेद र ज्यादती गर्दै आएको ऐतिहासिक तथ्यबाट स्पष्ट रहेको बताउनुभयो।

नेपाली दलित आन्दोलनले यस दिवसलाई विसं २०४६ देखि निरन्तर देशव्यापीरूपमा मनाउँदै आएको उल्लेख गर्दै उहाँले यसैकारण दलितको मुद्दा र अधिकार प्राप्तिको सङ्घर्ष अन्तर राष्ट्रियकरण मात्र नभई नयाँ सङ्घर्षका निम्ति पृष्ठपोषणको भूमिकासमेत खेलिरहेको बताउनुभयो।

प्रधानमन्त्री दाहालले अन्तर्राष्ट्रिय जातीय भेदभाव उन्मूलन दिवसको दिनमा न्याय र स्वतन्त्रताको चेतसहित समानताको भावना विकसित गर्न एवं छुवाछुतमुक्त समाज र राष्ट्र निर्माणको प्रतिबद्धता व्यवहारमा कार्यान्वयन गर्न सबैलाई प्रेरणा मिलोस् भनी कामनासमेत गर्नुभयो। अन्तर राष्ट्रिय जातीय भेदभाव उन्मूलन दिवस हरेक वर्ष मार्च २१ मा विश्वभर मनाइन्छ। यसवर्षको नारा 'संवैधानिक तथा कानुनी प्रावधानको प्रभावकारी कार्यान्वयन गरौँ, जातीय छुवाछुत तथा भेदभावका विरुद्ध प्रतिरोध गरौँ' रहेको छ।

सन् १९६० को मार्च २१ का दिन दक्षिण अफ्रिकाको सार्पभिल्लेमा रङ्गभेदी कानुनविरूद्ध कालाजातिद्वारा गरिएको शान्तिपूर्ण जनप्रदर्शनमाथि सरकारी दमन र नरसंहारमा ६९ आन्दोलनकारीको हत्या र तीन सय भन्दाबढीलाई घाइते बनाइएको नरसंहारकारी दमनका विरूद्ध उभिँदै सन् १९६६ मा संयुक्त राष्ट्रसङ्घको महासभाले सार्पभिल्लेमा भएको दुःखान्त घटनाको स्मरणमा सबै प्रकारका जातीय विभेद उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि पारित गरी मार्च २१ लाई जातीय भेदभाव उन्मूलनको अन्तर्राष्ट्रिय दिवसका रूपमा घोषणा गरिएको थियो।

नेपालले सन् १९७१ मा उक्त महासन्धिलाई अनुमोदन गरेको थियो । न्यायपूर्ण आन्दोलनको स्मरण र थप अधिकार प्राप्तिको आन्दोलनमा ऊर्जा एवं प्रेरणा प्राप्तिका निम्ति नेपालमा पनि हरेक वर्ष मार्च २१ लाई अन्तर्राष्ट्रिय जातीय भेदभाव उन्मूलन दिवसका रूपमा मनाइँदै आइएको छ।

**पन्थडिही - कटहरे - हर्मी - साहिलटार सडक स्तरोन्नति परियोजनाको शिलान्यास**

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले गोरखा र लमजुङका हजारौँ जनसङ्ख्या लाभान्वित हुने पन्थडिही-कटहरे - हर्मी - साहिलटार सडक स्तरोन्नति योजनाको शिलान्यास गर्नुभएको छ।

गोरखाको पालुङटार नगरपालिकाको विमिरेमा मंगलबार बिहान आयोजित एक कार्यक्रमबीच उहाँले सो सडकखण्ड स्तरोन्ततिको शिलान्यास गर्नुभएको हो।

शिलान्यास कार्यक्रममा उपप्रधानमन्त्री एवं भौतिक पूर्वाधार तथा यातायातमन्त्री नारायणकाजी श्रेष्ठ, पूर्वप्रधानमन्त्री बाबुराम भट्टराई, नेकपा (माओवादी केन्द्र)का प्रमुख सचेतक हितराज पाण्डेलगायतको सहभागिता थियो । भारतीय एक्जिम बैंकसँगको विकास साझेदारीमा निर्माण हुने योजनाको लागत रू ८० करोड रहेको छ।

पन्थडिहीदेखि साहिलटारसम्मको झन्डै साढे २० किलोमिटर सडक चौडा गर्ने, नाली र टेवा पर्खाल निर्माण गर्ने तथा डबल लेन कालोपत्र हुनेछ । बुड हिल-लामा जेभी, महाराजगञ्जले ३० महिनामा सक्नेगरी ठेक्का पाएको यो सडक योजनाबाट गोरखाको पालुङटार नगरपालिका एवं सिरानचोक, छोप्राक र अजिरकोट गाउँपालिका तथा लमजुङको राइनास र दूधपोखरी नगरपालिकाका विभिन्न क्षेत्रका स्थानीय लाभान्वित हुनेछन्।

उपप्रधानमन्त्री नारायणकाजी श्रेष्ठले यो योजना कार्यान्वयनमा विशेष पहल गर्नुभएको थियो।

**छिट्टै सरकारलाई पूर्णता दिन्छौ : प्रधानमन्त्री दाहाल**

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले सरकारलाई पूर्णता दिने प्रक्रिया सुरु भएको बताउनुभएको छ। गोरखाको हर्मीमा पन्थडिही-कटहरे-हर्मी-साहिलटार सडक स्तरोन्नति कार्यको मंगलबार शिलान्यास गर्दै उहाँले विश्वासको मत लिएसँगै सरकारलाई पूर्णता दिन छलफल सुरु भइसकेको बताउनुभयो।

प्रधानमन्त्री दाहालले सरकारलाई पूर्णता दिन नेपाली कांग्रेसलगायत अन्य दलसँग छलफल भइरहेको जानकारी दिनुभयो । "हिजोदेखि फेरि एउटा राजनीतिक वातावरण बनेको छ, लय पक्रिएको छ", उहाँले भन्नुभयो, "सदनमा रहेका झन्डै ११ पार्टीको विश्वासको मतसहित अब छिट्टै हामी सरकारलाई पूर्णता दिने प्रक्रियामा छौँ।"

उहाँले प्रदेशका सरकार पनि तत्काल पुनःगठन हुने बताउनुभयो। "सबै प्रदेशमा आलोपालो प्रणालीबाट सरकारको नेतृत्व गर्ने गरी सबै प्रदेश सरकारलाई पूर्णता दिने तयारीमा छौँ", प्रधानमन्त्री दाहालले भन्नुभयो, "जनताका विकास, निर्माण र समृद्धिको आकाङ्क्षा सम्बोधन गर्न एकीकृतरुपमा काम अगाडि बढाउने योजनासहित तीनवटै तहका सरकारबीच बृहत् बैठकको आयोजनासमेत गर्न लागिएको छ।"

उहाँले तिनै तहको सरकारमार्फत देशभरिका विकास निर्माणका कामलाई गति दिने बताउनुभयो । प्रधानमन्त्री दाहालले नेपालको विकासको मोडालिटीमा पुनर्विचार गर्नुपर्ने आवश्यकता रहेकोसमेत औँल्याउनुभयो। सडकको विकासले मात्र समृद्धि हुन नसक्ने भन्दै उहाँले कृषि, शिक्षा, रोजगारीसँग जोडेर सडक निर्माण गर्न सकेमात्र विकासले फड्को मार्ने बताउनुभयो।

प्रधानमन्त्री दाहालले उक्त सडकको शिलान्यास केवल एउटा सडकको शिलान्यास मात्र नभएर आफूले निर्वाचनमा जनतासँग गरेका प्रतिबद्धता पूरा गर्ने एउटा प्रक्रियाको उद्घाटनसमेत भएको बताउनुभयो। "निर्वाचनका क्रममा मैले गरेका प्रतिबद्धता कार्यान्वयन प्रक्रियाको राम्रो सुरुआत यो सडकको शिलान्यासबाट भएको छ", उहाँले भन्नुभयो, "देशभरिका सडक सञ्जाल र भौतिक पूर्वाधार विकासका सन्दर्भमा बजेटको अभाव हुन नदिनका निम्ति निर्देशनसमेत दिइसकेको छु।"

प्रधानमन्त्री दाहालले चुनाव लड्दा बनेको राजनीतिक समीकरणबाट विश्वासको मत लिएको भोलिपल्टै गोरखा आएर सडक शिलान्यास गर्न पाउनु खुसीको कुरा भएको उल्लेख गर्नुभयो। उहाँले आरुघाट-बेनिघाट-लार्के सडकखण्ड निर्माणको कामलाई तीव्ररुपमा अगाडि बढाउने तयारी भइरहेको बताउनुभयो। गोरखाकाली रबर उद्योग पुनःसञ्चालन टिम बनाएर मोडालिटी तयार गर्नका लागि छलफल गरिरहेको प्रधानमन्त्री दाहालको भनाइ छ। रासस

# गुणस्तरीय शिक्षाका लागि साझा प्रयत्न आवश्यक : राष्ट्रपति

काठमाण्डु । नेपाल शिक्षक सङ्घले राष्ट्रपति रामचन्द्र पौडेललाई आज राष्ट्रपति पदमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गरेको छ।

सो अवसरमा राष्ट्रपति पौडेलले गुणस्तरीय शिक्षा प्रदान गर्न सबैको साझा प्रयत्न आवश्यक रहेको भन्दै सङ्घले त्यसका लागि विशेष भूमिका खेल्नुपर्ने धारणा व्यक्त गर्नुभयो। उहाँले शिक्षा नै विकासको मूल आधार भएकाले गुणस्तरीय शिक्षा प्रदानमा सबैको ध्यान जानुपर्नेमा जोड दिनुभयो।

सङ्घका अध्यक्ष राजेन्द्र पौडेलले शिक्षाको सुधार बेगर मुलुकको हित हुँदैन भन्दै सङ्घीय शिक्षा ऐन नआउँदा भएका तथा गुणस्तरीय शिक्षा प्रदानमा रहेका चुनौतीबारे प्रकाश पार्नुभएको थियो । सङ्घका अध्यक्ष पौडेलले राष्ट्रपति पौडेललाई सो अवसरमा सम्मानपत्र प्रदान गर्नुभयो भने सङ्घका महासचिव सोमनाथ गिरीले सम्मानपत्र वाचन गर्नुभएको थियो।



## गरिब र निमुखा जनताको हितमा काम गर्नुपर्छ : राष्ट्रपति पौडेल

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले मुलुकमा आएको राजनीतिक परिवर्तनको आभास विपन्न नागरिकले महसुस गर्नेगरी धेरै काम गर्न बाँकी रहेको बताउनुभएको छ।

राष्ट्रपतिमा निर्वाचति भएपछि बधाई तथा सफल कार्यकालको शुभकामना दिन मंगलबार राष्ट्रपति भवन शीतल निवास पुग्नुभएका सामाजिक लोकतन्त्र अध्ययन केन्द्र काठमाडौँका प्रतिनिधिसँग राष्ट्रपति पौडेलले सो धारणा व्यक्त गर्नुभएको हो।

उहाँले ग्रामीण क्षेत्रका गरिब र निमुखा जनताको हितमा काम गर्नुपर्ने तथा निमुखालाई न्याय र विपन्नलाई आयको वातावरण मिलाउनुपर्नेमा जोड दिनुभयो । सामाजिक लोकतन्त्र अध्ययन केन्द्रलाई राष्ट्रपति पौडेलले नेपाली समाज, संस्था र राजनीतिक दलको लोकतान्त्रिकरणमा प्रभावकारी भूमिका निर्वाह गर्न पनि आग्रह गर्नुभयो।

केन्द्रका अध्यक्ष मधु आचार्यले राष्ट्रपति पौडेल सो पदमा निर्वाचित हुनुभएकामा हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना दिनुभएको थियो। अध्यक्ष आचार्य र महासचिव परमेश्वर पोखरेलले राष्ट्रपति पौडेललाई सम्मानपत्र प्रदान गर्नुभएको थियो। रासस

**'जातीय छुवाछूत अन्त्यका लागि सबै लाग्नुपर्ने'**

नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले जातिभेद, रङगभेद तथा छुवाछूतको अमानवीय प्रथालाई सामाजिकरुपमा अन्त्य गर्नका लागि सबैले आ-आफ्नो ठाउँबाट सक्रिय रहन आग्रह गर्नु भएको छ।

मंगलबार ५८औँ अन्तर्राष्ट्रिय जातिभेद उन्मुलन दिवसको अवसरमा शुभकामना सन्देश दिँदै उहाँले जातिय छुवाछूत तोड्नका लागि समाजका सबै तप्काबाट जागरण अभियान चलाउन आवश्यक रहेको बताउनुभयो।

"कानूनरुपमा बर्जित भएपनि छुवाछूत जस्तो अमानवीय प्रथा पूर्णरुपमा अन्त्य हुनसकेको छैन । यसलाई तोडनका लागि समाजका सवै तप्काबाट जागरण अभियान चलाउनु आवश्यक रहेको छ", उहाँद्धारा जारी सन्देशमा भनिएको छ । उहाँले पार्टीले मानवअधिकार र सामाजिक न्यायलाई आफ्नो सैद्धान्तिक निष्ठाका रुपमा आत्मसात गरेको समेत बताउनु भएको छ।

अध्यक्ष ओलीले एमाले जात, जाति, वर्ग, वर्ण, लिङ्ग, धर्म, सस्कृतिलगायतका आधारमा गरिने विभेद र शोषणको विरुद्ध लड्दै आएको पार्टी रहेको उल्लेख गर्दै एमालेको सरकारले छुवाछूतबाट पीडित र प्रताडितको आर्थिक सवलिकरण र समाजिक मर्यादाका लागि नीतिगत सुधारमा नेतृत्वदायी भूमिका खेलेको बताउनु भएको छ।

"आवासविहीन दलित र भूमिहिनका लागि आवास र भूमिको व्यवस्था गर्ने काम एमालेको सरकारले अघि बढाएको थियो", सन्देशमा उहाँले भन्नुभएको छ, "समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पूरा गर्न जातीय आधारमा हुने सबै प्रकारका विभेद, कुरीति, अन्धविश्वास अपराध, बहिष्करण, बञ्चितिकरण र हिंसा अन्त्य गर्नुपर्दछ।"

त्यसैगरी नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले मानव सभ्यता विकासका लागि जातीय विभेद र छुवाछूत बाधक रहेकाले यस्ता विकृतिका अन्त्य गर्नुपर्ने बताउनुभएको छ।

अन्तर्राष्ट्रिय जातीय विभेद उन्मूलन दिवसका सन्दर्भमा शुभकामना सन्देश जारी गर्दै अध्यक्ष नेपालले छुवाछूत र जातीय हिंसाविरुद्ध सबै एकजुट भएर सामाजिक न्याय, समानता, स्वतन्त्रताका माध्यमबाट शान्तिपूर्ण र सहअस्तित्वको समाज निर्माण हुने उल्लेख गर्नुभएको छ।

उक्त सन्देशमा शिष्ट र सभ्य समाज निर्माणका लागि जातीय हिंसा, छुवाछूतजस्ता विसङ्गतिको अन्त्य गर्नुपर्नेमा जोड दिइएको छ । नेपाली समाजलाई यस्ता हिंसा र विभेदबाट मुक्त गरी समानता कायम गर्न आफ्नो पार्टीले लामो समयदेखि राजनीतिक गतिविधि गरेको भन्दै जातीय हिंसालगायत विकृतिविरूद्ध चेतनामूलक अभियानको खाँचो औँल्याइएको छ।

संयक्त राष्ट्रसङ्घले सन् १९६५ मा जातीय विभेद उन्मूलनसम्बन्धी महासन्धि पारित गरी जाति तथा रङ्गभेद उन्मूलन दिवसका रूपमा मनाउने घोषणा गरेको थियो । सो महासन्धिलाई सन् १९७१ मा मात्रै नेपालले अनुमोदन गरेको थियो। यो दिवस भने सन् १९६६ देखि प्रत्येक वर्ष मार्च २१ तारिखमा मनाउने गरिन्छ। रासस

# गिरिजाप्रसाद कोइरालाको १३औँ स्मृति दिवस विविध कार्यक्रम गरी मनाइयो

काठमाण्डु। नेपालमा माओवादी सशस्त्र द्वन्द्वको अन्त्य गरी शान्तिपूर्ण राजनीतिको मूलधारमा ल्याउन नेतृत्वदायी भूमिका निर्वाह गर्नुभएका पूर्वप्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको १३औं स्मृति दिवस मंगलबार विविध कार्यक्रम आयोजना गरी मनाइयो।

विसं २०५९ असोज १८ गते तत्कालीन राजा ज्ञानेन्द्रले जननिर्वाचित प्रधानमन्त्री शेरबहादुर देउवालाई अपदस्त गरी आफू अनुकूलका प्रधानमन्त्री नियुक्त गर्न थालेपछि राजतन्त्रप्रति जनताको मोहभङ्ग हुन थालेको थियो । यसपछि भएका आन्दोलनको नेतृत्व गिरिजाप्रसादले गर्नुभएको थियो।

विसं २०६१ माघ १९ गते दलमाथि प्रतिबन्ध लगाउँदै राजा ज्ञानेन्द्र आफैँ मन्त्रिपरिषद्को अध्यक्ष बनेपछि कोइरालाले सबै दललाई एकीकृत गर्दै आफ्नै नेतृत्वमा पूर्ण लोकतन्त्रको स्थापनाका लागि आन्दोलनको नेतृत्व गर्नुभएको थियो।

कोइरालाकै नेतृत्वमा विसं २०६३ वैशाख ११ गते राजा ज्ञानेन्द्र आन्दोलनरत सात दलको मार्गचित्र अनुरुप विघटित प्रतिनिधिसभा पुनःस्थापना गर्न सहमत हुनुभएको थियो । आन्दोलन सफल भएपछि उहाँ चौँथोपटक प्रधानमन्त्री बन्नुभएको थियो । पुनःस्थापित प्रतिनिधिसभाले २०६३ जेठ ४ गते राजाको सबै अधिकार कटौती गर्दै आलङ्कारिक राजाका रुपमा सीमित गरेको थियो।

कोइरालाकैनेतृत्वमामाओवादी जनसेनाको समायोजनसहित हतियार व्यवस्थापन भएको थियो । उहाँकै नेतृत्वमा छ दशकभन्दा लामो संविधानसभा निर्वाचन गर्ने कांग्रेसका संस्थापक एवं उहाँका दाजु बिपी कोइरालाको सपना २०६४ चैत २८ गते पूरा भएको थियो । पहिलो संविधानसभाले संविधान जारी गर्न नसकेपनि नेपालको इतिहासमा यो ऐतिहासिक घटना बनेको छ। पहिलो संविधानसभा निर्वाचनसँगै सशस्त्र द्वन्द्वरत नेकपा माओवादी संसदीय बहुदलीय राजनीतिक प्रतिस्पर्धामा सहभागी भएको थियो।

चार पटक प्रधानन्त्री बन्नुभएका कोइरालाले अन्तिम कार्यकालमा भने कार्यबाहक राष्ट्राध्यक्षको कार्यभारसमेत सम्हाल्नुभएको थियो। राजा ज्ञानेन्द्र निलम्बनमा पर्नुभएसँगै कोइरालाले कार्यबाहक राष्ट्राध्यक्षको भूमिका निर्वाह गर्नुभएको हो । उहाँकै नेतृत्वमा २०६५ जेठ १५ गते नेपालबाट २४० वर्षको इतिहास बोकेको शाह वंशीय राजसंस्थाको अन्त्य भई नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रका रुपमा स्थापित भएको थियो।

बोलेको कुरा पुऱ्याउने राजनेताका रुपमा स्थापित कोइरालाको २०६६ चैत ७ गते निधन भएको थियो । नेपालमा शान्ति स्थापनाका लागि कोइरालाले पुऱ्याउनुभएको योगदानको स्मरण गर्दै आज नेपाली कांग्रेस, यसका भ्रातृ एवं शुभेच्छुक संस्थाले विविध कार्यक्रम आयोजना गरी कोइरालाको १३औँ स्मृति दिवस मनाउँदै छन्। रासस

# 'दलित समुदायको राजनीतिक प्रतिनिधित्व २००७-२०७९' सार्वजनिक

काठमाण्डु । पत्रकार लक्ष्मण दर्नालद्वारा लिखित 'दलित समुदायको राजनीतिक प्रतिनिधित्व २००७-२०७९' सार्वजनिक भएको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले ५८औँ अन्तर्राष्ट्रिय रङ्गभेद तथा जातीय विभेद उन्मूलन दिवसको अवसरमा यहाँ आज आयोजित कार्यक्रममा सो पुस्तक सार्वजनिक गर्नुभयो।

पुस्तकमा दलित समुदायबाट हालसम्म भएका सङ्घीय मन्त्री तथा सांसद, राजदूत, प्रदेश प्रमुख, प्रदेश मन्त्री तथा सदस्यको तथ्याङ्क (नामावली) समावेश गरिएको छ। पुस्तकमा गत वैशाखमा सम्पन्न स्थानीय तह निर्वाचनमा निर्वाचित दलित समुदायका व्यक्तिको नामावली पनि समावेश छ।

पुस्तकमा २००७ सालको परिवर्तनपछि हालसम्मका दलित मन्त्रीको सङ्ख्या जम्मा ३४ (सहायक र राज्यमन्त्रीसहित) रहेको उल्लेख छ । प्रदेश सरकारमा हालसम्म जम्मा १० जना दलित समुदायका व्यक्ति मन्त्री भएका छन् । राष्ट्रियसभा र प्रतिनिधिसभाका दलित सांसदको हालसम्मको सङ्ख्या एक सय ६७, प्रदेशसभा सदस्य एक सय नौ तथा प्रदेश प्रमुखमा एकजना र राजदूत तीन जना छन्।

पुस्तकमा स्थानीय तह निर्वाचनमा नगरपालिका प्रमुख तीन, उपप्रमुख नौ, गाउँपालिका अध्यक्ष छ, उपाध्यक्ष सात तथा छ हजार छ सय २० दलित महिला वडासदस्यमा निर्वाचित भएको उल्लेख छ। रासस

# चिनियाँ र रुसी राष्ट्रपतिबीच भेट, वार्ताका माध्यमबाट युक्रेन द्वन्द्व अन्त्य हुनुपर्नेमा सीको जोड

**सिन्ह्वा**

मस्को । रुसको दुईदिने राजकीय भ्रमणमा रहनुभएका चीनका राष्ट्रपति सी चीनफिङ र उहाँका रुसी समकक्षी भ्लादिमिर पुटिनबीच क्रेमलिनमा भेटवार्ता भएको छ। साथै वार्ताका माध्यमबाट युक्रेन द्वन्द्व अन्त्य हुनुपर्नेमा चिनियाँ राष्ट्रपतिल जोड दिनुभएको छ।



दुई राष्ट्रपतिबीच चीन र रुस सम्बन्ध र आपसी हितका विषयमा गहन छलफल हुनाका साथै पारस्परिक सम्बन्ध अझ सुदृढ तुल्याउने सम्बन्धमा विचार आदानप्रदान भएको थियो।

राष्ट्रपति सीले समकक्षी पुटिनको निमन्त्रणामा रुसको राजकीय भ्रमण गर्न पाउँदा आफू खुसी भएको उल्लेख गर्दै १० वर्षअघि आफू राष्ट्रपति निर्वाचित भएपछि आफू पहिले रुसको भ्रमणमा आएको तथा उक्त भ्रमणको सम्झना आफ्नो स्मृतिमा आज पनि ताजा रहेका बताउनुभयो।

राष्ट्रपति सीले विगत १० वर्षदेखि आफू र राष्ट्रपति पुटिन निकट सम्पर्कमा रहेको तथा चिनियाँ कम्युनिष्ट पार्टी (सिपिसी) को २० औं राष्ट्रिय अधिवेशनबाट आफू केन्द्रीय समितिको महासचिवमा पुनः निर्वाचित भएपछि रुसी नेता पुटिनले तत्काल बधाई सन्देश पठाएकामा धन्यवाद व्यक्त गर्नुभयो। साथै उहाँले आफू केही दिनअघि मात्र चीनकाो राष्ट्रपतिमा पुनः निर्वाचित भएपछि पनि तत्काल बधाई ज्ञापन गर्नुभएकामा राष्ट्रपति पुटिनप्रति आभार व्यक्त गर्नुभयो।

चिनियाँ राष्ट्रपतिले आगामी वर्ष रुसमा राष्ट्रपतीय निर्वाचन हुने र नेता पुटिनको सबल नेतृत्वमा रुसले देशको विकासका साथै कायाकल्प गर्ने उल्लेख गर्दै राष्ट्रपति पुटिनप्रति रुसी जनताको दृढ समर्थन रहनेमा आफू विश्वस्त रहेको बताउनुभयो। चीनले जहिले पनि स्वतन्त्र परराष्ट्र नीतिलाई समर्थन गर्दै आएको, चीन- रुस सम्बन्धलाई अझ सुदृढ बनाउन बेइजिङले आफ्नो मौलिक हित र विश्वको प्रचलित प्रवृत्तिका आधारमा रणनीतिक छनौट गरेको उहाँले स्पष्ट गर्नुभयो।

चीन-रुस सम्बन्ध आजको अवस्थामा पुग्नुमा दुई राष्ट्रबीचको ऐतिहासिक सम्बन्धको सुदृढ आधार रहेको तर्क गर्दै चीन र रुस एकअर्काका सबैभन्दा ठूलो छिमेकी एवम् रणनीतिक साझेदार भएका दोहोऱ्याउनुभयो। दुवै देशले आफ्नो समग्र कूटनीति र विदेश मामिलासम्बन्धी नीतिमा आफ्नो सम्बन्धलाई उच्च प्राथमिकतामा राखेका चिनियाँ राष्ट्रपतिले उल्लेख गर्नुभयो।

चीन रुससँगको रणनीतिक सम्बन्ध सुदृढ गर्न दृढ रहेको बताउँदै राष्ट्रपति सीले चीन र रुस दुवै राष्ट्र राष्ट्रिय विकास, विश्व बहुध्रुवतालाई समर्थन तथा अन्तरराष्ट्रिय सम्बन्धमा बृहत्तर लोकतन्त्रका लागि काम गर्न प्रतिबद्ध रहेका उल्लेख गर्नुभयो।

चिनियाँ राष्ट्रपतिले दवै देशले विभिन्न क्षेत्रमा व्यावहारिक सहयोगलाई अझ सुदृढ बनाउनका साथै संयुक्त राष्ट्रसङ्घजस्ता बहुपक्षीय मञ्चमा समन्वय र सहयोगलाई बलियो बनाउँदै विश्व शान्ति र स्थायित्वको आधार खडा गर्नुपर्नेमा जोड दिनुभयो।

रुसको राजकीय भ्रमण गर्नुभएकामा राष्ट्रपति पुटिनले सीप्रति आभार व्यक्त गर्दै बितेका १० वर्षमा विकासका सबै क्षेत्रमा चीनले गरेको प्रभावशाली एवम् उत्कृष्ट उपलब्धिको सराहना गर्नुभयो। राष्ट्रपति सीको सबल नेतृत्वमा त्यो संभव भएको भन्दै त्यसले चीनको राष्ट्रिय राजनीतिक प्रणाली र शासन प्रणालीको सामर्थ्यलाई प्रमाणित गरेको रुसी राष्ट्रपतिले बताउनुभयो।

राष्ट्रपति सीको नेतृत्वमा चीनले निर्धारण गरेका विकास र समृद्धिका लक्ष्यहरू सफलतापूर्वक हासिल गर्नेमा आफू विश्वस्त रहेको बताउँदै राष्ट्रपति पुटिनले दुवै पक्षको ठोस प्रयासले हालैका वर्षमा रुस-चीन सम्बन्धले विभिन्न क्षेत्रमा फलदायी नतिजा दिएको उल्लेख गर्नुभयो। उहाँले द्विपक्षीय व्यावहारिक सहयोगलाई अझ सबल बनाउन, अन्तरराष्ट्रिय मामिलामा सञ्चार र सहकार्य गर्न मस्को सधै प्रतिबद्ध रहेको बताउनुभयो।

वार्ताका क्रममा युक्रेन मुद्दामा पनि दुवै पक्षबीच गहन विचार आदानप्रदान भएको थियो।

राष्ट्रपति सीले युक्रेनको मुद्दामा शान्ति र न्यायका निम्ति आवाज उठिरहेको बताउनुभयो। उहाँले विश्वका अधिकांश देशले तनाव कम गर्ने, शान्ति वार्ताको पक्षमा उभिने अभिमत जाहेर गरेका बताउँदै उहाँले वार्ताको माध्यमबाट समस्याको समाधान गर्नुपर्नेमा जोड दिनुभयो।

यसैबीच, संयुक्त राज्य अमेरिकाले युक्रेनमा युद्ध अपराध रोक्न चिनियाँ राष्ट्रपतिले रुसी राष्ट्रपतिलाई दबाब दिनुपर्नेमा जोड दिएको छ। अमेरिकी राष्ट्रिय सुरक्षा परिषद्का प्रवक्ताले राष्ट्रपति सीलाई आफ्ना रुसी समकक्षीलाई युक्रेनबाट आफ्ना सेना फिर्ता बोलाउन आग्रह गरेका छन्। प्रवक्ता जोन किर्बीले युद्धविरामको खोजी पर्याप्त नहुने पनि बताएका छन्।

प्रवक्ता किर्बीले भनेका छन् -प्रवपक्ता किर्बीले भनेका छन् -"राष्ट्रपति सीले राष्ट्रपति पुटिनलाई युक्रेनी शहर, अस्पताल र विद्यालयमा बमबारी बन्द गर्न, युद्ध अपराध र अत्याचार रोक्न र आफ्ना सेना फिर्ता गर्न दबाब दिनुहुनेछ भन्नेमा अमेरिका विश्वस्त छ।"

जापानका प्रधानमन्त्री फुमियो किशिदा राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीसँग वार्ता गर्न युक्रेनको अप्रत्यासित भ्रमण गर्दै हुनुहुन्छ। उहाँले रुसको युक्रेनप्रति ऐक्यबद्धता र समर्थन जनाउने अपेक्षा गरिएको छ। जापान र चीनले एकअर्कालाई क्षेत्रीय प्रतिद्वन्द्वीका रूपमा हेरेपनि युक्रेनमा रुसी आक्रमण भएदेखि टोकियोले किएभलाई मानवीय, आर्थिक र गैर-घातक सैन्य सहायताको प्रदान गर्दै आएको छ। सोमबार दुवै राष्ट्रपतिबीच चार घण्टाभन्दा बढी समय वार्ता भएको थियोभने मंगलबार पनि औपचारिक छलफल हुँदैछ।

# क्रिकेट खेलाडीलाई सम्मान

गण्डकी । नेपाल भूतपूर्व खेलाडी मञ्च र पोखरा क्रिकेट एकेडेमीले राष्ट्रिय क्रिकेट टोलीका करण केसी र यु-१९ टोलीका सुभाष भण्डारी, अर्जुन कुमाल र दीपकराज डुम्रेलाई मंगलबार सम्मान गरेको छ।

यू-१९ विश्वकपमा पुऱ्याउन महत्वपूर्ण भूमिका खेल्ने गण्डकी प्रदेशका सुभाष भण्डारी, अर्जुन कुमाल र दीपकराज डुम्रेलाई जनही रू पाँच हजार नगदसहित सम्मानपत्र प्रदान गरिएको हो। त्यस्तै लिग टु क्रिकेटमा नेपाललाई क्वालिफायर राउण्डमा पुऱ्याउन भूमिका खेल्ने नेपाली राष्ट्रिय टोलीका सदस्य करण केसी लाई मञ्चले रू २० हजार नगदसहित सम्मानपत्र प्रदान गरेको हो।

आइसिसी विश्वकप लिग टु का खेलमा केसीले कूल ५० विकेट लिएका थिए र साथै अन्य तीन जना खेलाडीले सन् २०२४ मा श्रीलङ्कामा हुने विश्वकपमा छनोटमा उत्कृष्ट प्रदर्शन गरेका थिए। उहाँहरूलाई मञ्चका कार्यबाहक अध्यक्ष दिलबहादुर गुरुङ, निवर्तमान अध्यक्ष तेज गुरुङ, संस्थापक अध्यक्ष खड्गबहादुर रानाभाटलगायतले सम्मान गर्नुभयो।

उक्त अवसरमा पोखरा क्रिकेट एकेडेमीका तर्फबाट चारै जना खेलाडीलाई जनही रू पाँच/पाँच हजार प्रदान गरी सम्मान गरिएको थियो। कार्यक्रममा मञ्चका कार्यबाहक अध्यक्ष गुरुङले नेपाली राष्ट्रिय क्रिकेट टिमले राष्ट्रको झण्डा अन्तर ाष्ट्रियस्तरमा फहराउन महत्वपूर्ण भूमिका खेलेको बताउनुभयो।

पोखरा रङ्गशालामा रहेको क्रिकेट मैदान छिट्टै स्तरोन्नति हुनुपर्ने उल्लेख गर्दै उहाँले रङ्गशालासहितका क्रिकेट रङ्गशाला स्तरोन्नति हुनसके पर्यटक खोज्न टाढा जान नपर्ने बताउनुभयो। मञ्चका निवर्तमान अध्यक्ष तथा प्रदेश खेलकुद परिषद्का निवर्तमान सदस्य सचिव तेजबहादुर गुरुङले राज्यले के दियो भन्दा पनि खेलाडीले आफ्नो खेल जीवनले दिएको संस्कार बिर्सन नहुने बताउनुभयो।

"क्रिकेटले यतिबेला ठूलो उपलब्धि हासिल गरेको छ। यो हाम्रो लागि गौरवको विषय हो। यसलाई कायम गर्न खेलाडीले आफ्नो अनुशासनलाई कायम गर्दै आफूलाई समाजको विकासमा रुपान्तरणमा अघि बढाउनुपर्छ", उहाँले भन्नुभयो।

मञ्चका संस्थापक अध्यक्ष खड्गबहादुर रानाभाटले खेलाडीले आफूलाई अघि बढाउन अनुशासनसँगै प्रशिक्षकको निर्देशनलाई पालना गर्दै अघि बढ्नुपर्ने बताउनुभयो। खेलकुदको माध्यमबाट पोखरालाई पर्यटनको हबको रुपमा विकास गर्न पोखरा विमानस्थलको जग्गालाई क्रिकेट स्टेडियमको रुपमा विकास गर्न आवश्यक रहेको उहाँले बताउनुभयो।

पोखरा क्रिकेट एकेडेमीका अध्यक्ष बविन कुँवरले नेपालले पाएको सफलताले गौरवान्वित बनाएको बताउनुभयो। रासस

# युएईको प्रशिक्षकबाट रोविन सिंहलाई हटाइयो

**एजेन्सी**



काठमाण्डु । युएईले राष्ट्रिय क्रिकेट टिमको प्रशिक्षक पदबाट रोविन सिंहलाई हटाइएको छ। अब मुदास्सर नाजरले युएईको अस्थायी प्रशिक्षकको जिम्मेवारी सम्हाल्ने युएईको मिडिया द नेसनलले उल्लेख गरेको छ। नेसनलका अनुसार उनको प्रशिक्षक पदको नवीकरण नगरिएको हो।

भारतका पूर्व अलराउन्डर सिंह फेब्रुअरी २०२० मा युएईको प्रशिक्षक नियुक्त भएका थिए। तर पछिल्लो समय युएईले खराब प्रदर्शन गरेपछि उनको पद धरापमा परेको थियो।

युएईले यसै साताको अन्त्यमा नामिबियामा हुने क्रिकेट विश्वकप छनोटको प्लेअफ खेल्दैछ।

पछिल्लो समय खराब नतिजाको कारण युएईले जुनमा जिम्बाब्वेमा हुने ग्लोबल विश्वकप छनोटमा सिधै स्थान बनाउन असफल भएको थियो भने एकदिवसीय मान्यता पनि खतरामा परेको थियो।

अब क्रिकेट विश्वकप छनोटको प्लेअफमा शीर्ष दुईमा परे युएई विश्वकप छनोटमा पुग्नेछ भने क्यानडा र जर्सीभन्दा अघि रहे मात्र एकदिवसीय मान्यता जोगिनेछ।

पाकिस्तानका पूर्व अलराउन्डर मुदास्सरले अन्तरिम जिम्मेवारी लिएका छन्।

नियुक्त भएपछि पनि सिंहले भारतको मुम्बई इन्डियन्स कोचिंग स्टाफको रूपमा आफ्नो भूमिका कायम राख्न सम्झौता गरेका थिए।

गत वर्षदेखि युएईले एकदिवसीय र टी-२० गरी कुल २७ खेल खेलेको छ र त्यसमध्ये २० खेल हारेको छ।

# एक सयभन्दा बढी आईएस लडाकु मारिए

**सिन्ह्वा**



काबुल । अफगानिस्तानको कार्यवाहक सरकारको सुरक्षा बलले विगत १२ महिनामा दाएस वा इस्लामिक स्टेट (आईएस) सङ्गठनसँग आबद्ध १०० जनाभन्दा बढी लडाकुहरूलाई मारेको स्थानीय सञ्चारमाध्यम टोलोन्युजले मङ्गलबार उल्लेख गरेको छ।

निजी म सञ्चार माध्यमका अनुसार सुरक्षा बलहरूले काबुल, बाल्ख, हेरात र अफगानिस्तानका अन्य भागहरूमा आईएस लडाकुहरू लुकेका ठाउँहरूमा पछिल्लो समय ७० भन्दा बढी सैन्य कारवाही गरेका छन्।

सन् २०२१ अगष्टमा तालिबानले देश कब्जा गरेपछि सुरक्षा स्थितिमा उल्लेखनीय सुधार आएको भए पनि युद्धग्रस्त देशले धेरैजसो आत्मघाती बम आक्रमण र आतङ्कवादी हमलाहरूको भने सामना गरिराखेको छ। पछिल्ला आतङ्कवादी हमलाको जिम्मेवारी भने आइएसले लिएको छ। उत्तरी बाल्ख प्रान्तमा भएको उक्त हमलामा प्रान्तीय गभर्नरको मृत्यु भएको थियो भने पाँच जना पत्रकारसहित थुप्रै घाइते भएका थिए।

तर विदेश मन्त्री मौलावी अमिर खान मुत्ताकीले अफगानिस्तानको कुनै पनि भागमा आइएसको अस्तित्व नभएको दाबी गर्दै आईएस समूहलाई खतराको रूपमा अस्वीकार गरेका छन्। यसअघि तालिबानद्वारा सञ्चालित कार्यवाहक प्रशासनका प्रमुख प्रवक्ता जबिहुल्लाह मुजाहिदले दाएस "गम्भीर खतरा होइन" र सुरक्षा बलहरूले उग्रवादी समूहलाई नियन्त्रणमा लिन सक्ने बताएका थिए।

# भूकम्प पीडितका लागि सात अर्ब युरो सहयोगको प्रतिबद्धता

**सिन्ह्वा**

ब्रसेल्स । टर्की र सिरियामा गएको विनाशकारी भूकम्पका पीडितहरूका लागि अन्तर ाष्ट्रिय दाताहरूले अहिलेका लागि कम्तीमा पनि सात अर्ब युरो सहयोग गर्ने बाचा गरेका छन्। ती भूकम्प पीडितहरुका लागि सहयोग रकम जुटाउने उद्देश्यले युरोपेली सङ्घले ब्रसेल्समा आयोजना गरेको दाताहरुको सम्मेलनका क्रममा उनीहरुले सो प्रतिबद्धता व्यक्त गरेका बताइएको छ।

सोमबार अन्तर्राष्ट्रिय दाताहरुबाट सो सहयोगको प्रतिबद्धता आएको बताइएको हो। गत महिनाको विनाशकारी ७।८ म्याग्निच्युडको भूकम्पले यी दुई देशमा ठूलो क्षति पुगेको छ।

भूकम्पका कारण दक्षिणपूर्वी टर्की र युद्धग्रस्त सिरियाका केही भागहरूमा गरी ५० हजार भन्दा बढी मानिसको मृत्यु भएको बताइएको छ। यस भूकम्पबाट प्रभावित हुने र विस्थापित हुने व्यक्तिको सङ्ख्या पनि लाखौं जना रहेको संयुक्त राष्ट्रसङ्घको प्रारम्भिक अनुमान रहेको छ।

एक प्रारम्भिक प्रतिवेदनका अनुसार टर्कीमा मात्रै एक सय अर्ब डलरभन्दा बढीको क्षति भएको अनुमान गरिएको छ। उक्त क्षेत्रमा गत हप्ता आएको बाढीले पनि थप दुःख भएको जनाइएको छ।

सोमबार आयोजना गरिएको सो दाता सम्मेलनमा विश्वका विभिन्न देशका ६० भन्दा बढी प्रतिनिधिहरुको सहभागिता रहेको बताइएको छ। हाल टर्की र सिरियामा सङ्कटग्रस्त अवस्था रहेको र तत्कालै उनीहरुका लागि आवश्यक सहयोग जुटाउन सो सम्मेलनको आयोजना गरिएको र त्यसमा तत्कालै आवश्यक पर्ने सङ्कटकालीन सहयोग अन्तर्गत यो प्रतिबद्धता आएको बताइएको हो।

# मलावीमा चक्रवात फ्रेडीबाट पाँच सय जनाको मृत्यु, पाँच लाखभन्दा बढी विस्थापित



**सिन्ह्वा**

ब्लान्टायर । दक्षिण मलावीमा भीषण चक्रवात फ्रेडीबाट पाँच सय जनाको मृत्यु भएको छभने पाँच लाख आठ हजार दुई सय ४४ जना विस्थापित भएका छन्।

यसअघि सरकारी विपद् व्यवस्थापन विभागले चार सय ७६ जनाको मृत्यु भएको तथा चार लाख ९० हजार विस्थापित भएका बताएको थियो। आँधीबाट एक हजार तीन सय ३२ जना घाइते भएका छन् भने चार सय २७ जना हराइरहेका जनाएको थियो।

आँधीबाट देशको राजधानी ब्लान्टायरमा व्यापक क्षति भएको छ। राजधानीका धेरै घर पहिरामा पुरिएका छन्। आँधी प्रभावित क्षेत्रका पुल र सडक भत्किएका छन्। विस्थापित परिवारको व्यवस्थापनका निम्ति तीन सय ३४ केन्द्र खडा गरिएको विभागका आयुक्त चार्ल्स कलेम्बाले बताएका छन्।

मलावीको शिक्षा मन्त्रालयले यो महिनाको अन्त्यसम्म विद्यालय बन्द गर्ने घोषणा गरेको छ। विस्थापित परिवारलाई विद्यालयमा व्यवस्थापन गरिएकाले पठनपाठन स्थगन गरिएको उक्त मन्त्रालयले जनाएको छ।

छिमेकी ताञ्जानिया र जाम्बियाका साथै संयुक्त अधिराज्यको सहयोगमा देशको सुरक्षा बल, प्रहरी र उद्धारकर्मीको टोलीले खोज तथा उद्धारलाई जारी राखेका छन्। सडक सम्पर्कबाट विच्छेद भएका स्थानमा हवाई सेवामार्फत राहत सामग्री, औषधिका साथै उद्धारकर्मी पुऱ्याइएको छ।

देशका १५ जिल्ला आँधीबाट प्रभावित भएका छन् भने औसतभन्दा अधिक वर्षा भएर प्रभावितमध्येका तीन जिल्लामा जनजीवन कष्टकर बनेको छ। ती जिल्लामा चक्रवात साम्य भए पनि भारी वर्षा भएको छ।

चक्रवात प्रभावित क्षेत्रको भ्रमणपछि मलावीका राष्ट्रपति लाजरस चकवेराले विदेशी नियोग, सरकार, स्थानीय एवम् अन्तरराष्ट्रिय संस्था एवम् कम्पनीसँग सहायताका निम्ति अपिल गर्नुभएको थियो। राष्ट्रपतिको अपिलअनुरुप ती निकायले सहायता परिचालन गरे पनि त्यो पर्याप्त नभएको राहत तथा उद्धारमा संलग्न अधिकारीहरूले गुनासो गरेका छन्।

यसैबीच, दक्षिण अफ्रिकी विकास समुदायले मानवीय सहायतास्वरूप मलावीलाई तीन लाख अमेरिकी डलर उपलब्ध गराउने घोषणा गरेको छ।

# कङ्गोमा विद्रोहीको आक्रमणबाट २१ सर्वसाधारणको मृत्यु

**सिन्ह्वा**

संयुक्त राष्ट्रसङ्घ । अफ्रिकी देश कङ्गोमा यहाँको विद्रोही समूहको आक्रमणबाट हप्ता दिनमा कम्तीमा पनि २१ जनाको ज्यान गएको छ। प्राप्त समाचारअनुसार कङ्गोको पूर्वी किभु र इतुरीमा यहाँका सशस्त्र विद्रोहीहरुले हमला गरेका थिए। उनीहरुले गत शनिबार यी दुई प्रान्तका विभिन्न गाउँमा हमला गरी सर्वसाधारणको हत्या गरेका छन्।

इतुरीको एक गाउँमा उनीहरुले एक गाउँका सर्वसधारणमाथि गोली चलाएका थिए। रातिको समयमा आएका सशस्त्र समूहका सदस्यले गरेको हमलामा परेर कम्तीमा पनि १० जना सर्वसधारणको ज्यान गएको हो।

त्यस्तै उत्तरी किभुमा पनि उनीहरुले गाउँलेमाथि हमला गरेका थिए। ती हमलामा परेर सर्वसाधारण मारिएका छन्। इतुरी र यस आसपासका गाउँमा भएको हिंसात्मक आक्रमणमा परेर ११ जना सर्वसाधारण मारिएका बताइएको छ।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटरेसका सहायक प्रवक्ता फराह हकले सो कुराको जानकारी दिनुभएको हो। उहाँले पछिल्ला केही हप्तामा पूर्वी कङ्गोका कैयौं स्थानमा यहाँको सरकारसँग विद्रोह गरेको समूहले सर्वसाधारणमाथि हमला गर्ने गरेको छ। यहाँ संयुक्त राष्ट्रसङ्घीय मिसनले शान्ति स्थापनाका लागि प्रयास गरेको भएपनि हिंसाको अन्त्य हुन सकेको छैन।

# सात करोडभन्दा बढी बालबालिका पानीजन्य संक्रमणको खतरामा

**सिन्ह्वा**

अबुजा। नाइजेरियामा पानीजन्य सङ्क्रमणबाट धेरै बालबालिका समस्यामा पर्नसक्ने देखिएको छ।

नाइजेरियामा शुद्ध पिउने पानीको समस्या रहेको भन्दै यहाँका कम्तीमा पनि सात करोड ८ लाख बालबालिका पानीजन्य सङ्क्रमणको उच्च खतरामा रहेका एक अनुसन्धानमा देखाइएको छ।

संयुक्त राष्ट्रसङ्घीय बालकोषले सो कुराको जानकारी दिएको हो। सो कोषले सोमबार प्रकाशन गरेको एक प्रतिवेदनमा यहाँ पानीजन्य सङ्क्रमणको खतरा बढी देखिएको र यहाँका ठूलो सङ्ख्याका नागरिक यसबाट सङ्क्रमित हुने खतरा रहेको पाइएको बताइएको छ।

बालकोषले यहाँ शुद्ध र सफा पिउने पानी, सौचालय, सरसफाई र खानामा लगानी गर्नुपर्ने सुझाव नाइजेरिया सरकारलाई दिएको छ। यस्तो जोखिममा रहेका बालबालिकाको स्वास्थ्यमा विशेष ध्यान दिएर सरसफाई र खानेपानीका क्षेत्रमा आवश्यक मात्रामा लगानी गर्न र बालबालिकाको स्वास्थ्यमा आवश्यक नीति तथा कार्यक्रमहरु बनाउन पनि आग्रह गरिएको छ।

देशमा आवश्यक मात्रामा पिउने शुद्ध पानी, चर्पी, स्वस्थ वातावरणको अभावका कारण यहाँका करिब एक तिहाइ बालबालिका स्वास्थ्य जोखिममा परेका युनिसेफले सोमबार सार्वजनिक गरेको सो प्रतिवेदनमा उल्लेख गरिएको छ।



महोत्तरीको बर्दिबासमा जारी चौथो बर्दिबास महोत्सवमा माटोका भाँडा बनाउँदै रामनगर-१का रविन्द्र पण्डित कुम्हाल। *तस्विर:रासस*

# स्वावलम्बन लघुवित्त पनि अब एनपिएसमा आबद्ध




**टुडे समाचारदाता**

काठमाण्डु । स्वावलम्बन लघुवित्त पनि अब नेशनल पेमेन्ट स्वीच (एनपिएस)मा आवद्ध भएको छ।

कम्पनीले आफ्नो भुक्तानी सम्बन्धी कारोबारहरूलाई नेपाल क्लियरिङ हाउसको भुक्तानी प्रणालीहरू प्रयोग गरी डिजिटल माध्यमबाट भुक्तानी गर्न सक्ने व्यवस्था लागू गर्न दुई संस्था बीच सम्झौता भएको छ।

सम्झौता पत्रमा स्वावलम्बन लघुवित्तका तर्फबाट संस्थाका प्रमुख कार्यकारी अधिकृत नरेन्द्र सिंह विष्ठ र एनसिएचएलका तर्फबाट संस्थाका प्रमुख कार्यकारी अधिकृत नीलेश मान सिंह प्रधानले हस्ताक्षर गरेका छन्।

उक्त सम्झौतापछि स्वावलम्बनलघुवित्तकोआन्तरिक भुक्तानी प्रणालीलाई एनसीएचएलको नेशनल पेमेन्ट इन्टरफेस (एनपिआइ)सँग जोडी नेशनल पेमेन्ट स्वीच (एनपिएस) अन्तर्गतको विभिन्न भुक्तानी उपकरणहरू प्रयोग गर्न सकिनेछ।

यस अन्तर्गत स्वावलम्बन लघुवित्तले एनसिएचएल-आइपिएस र आरपिएस/कनेक्ट आइपिएस प्रणालीहरूमार्फत आफ्ना बचत निक्षेप, कर्जाको किस्ता संकलन लगायतका विभिन्न संकलनका करोबारहरू तथा तलब, भेण्डर भुक्तानी, कर्जा निकासा, सरकारी राजस्व, सामाजिक सुरक्षा कोष, नागरिक लगानी कोषका भुक्तानी लगायतका विभिन्न प्रकारका भुक्तानी सम्बन्धी कारोबारहरू आफ्ना तथा लाभग्राहीहरूका बैंक खाताहरू बीच सोझै गर्न सक्नेछ।

एनसिएचएलका विभिन्न भुक्तानी प्रणालीहरुको एकीकृत इन्टरफेसको रुपमा विकास गरिएको एनपिआइमा हाल ५५ सदस्य बैंक वित्तीय संस्थाहरु आबद्ध छन् भने अन्य पिएसपी/पिएसओ, रेमिटेन्स कम्पनीहरू, मर्चेन्ट बैंक, सरकारी तथा अर्ध-सरकारी संस्थाहरु लगायतका ८८ गैर-बैंकिङ संस्थाहरु इन्डाइरेक्ट/प्राविधिक सदस्यका रुपमा आबद्ध छन्।

# वैदेशिक क्षेत्रका श्रमिक सामाजिक सुरक्षामा समेटिँदै

काठमाण्डु । बुधबारदेखि वैदेशिक रोजगारीमा रहेका तथा विदेशमा स्वरोजगारमा रहेका श्रमिक सामाजिक सुरक्षा योजनामा समेटिँदै छन् । सामाजिक सुरक्षा कोषले बुधबार प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को उपस्थितिमा एक कार्यक्रमको आयोजना गरी वैदेशिक रोजगारीमा रहेका श्रमिकलाई योजनामा सूचीकृत गर्ने कार्य प्रारम्भ गर्दैछ ।

वैदेशिक रोजगारीमा रहेका श्रमिकलाई समेत कोषमा आबद्ध गर्दै योगदानमा आधारित सामाजिक सुरक्षाको दायरा विस्तार गर्ने क्रममा उक्त कार्य शुभारम्भ गर्न लागिएको कोषका प्रवक्ता विवेक पन्थीले जानकारी दिनुभयो। उक्त योजना सुरु भएसँगै वैदेशिक रोजगारीमा रहेका करिब २२ लाख नेपाली श्रमिक लाभान्वित हुने अनुमान गरिएको छ।

वैदेशिक रोजगारी र विदेशमा स्वरोजगारमा रहेका श्रमिकलाई सामाजिक सुरक्षाको छातामुनि ल्याउन कोषले यसअघि नै अनौपचारिक, स्वरोजगार र वैदेशिक रोजगारमा रहेका श्रमिकलाई सामाजिक सुरक्षा कोषमा सूचीकृत गर्नेसम्बन्धी कार्यविधि स्वीकृत गरिसकेको छ । उक्त कार्यविधिले अनौपचारिक, स्वरोजगार र वैदेशिक रोजगारमा रहेका लाखौँ श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा सहभागी गराउने बाटो खोलेको थियो।

ट्रेड युनियन सङ्घ सङ्गठनले लामो समयदेखि अनौपचारिक र स्वरोजगारमा रहेका श्रमिकलाई सामाजिक सुरक्षाको दायरमा ल्याउन माग गर्दै आएका थिए । नेपालको औपचारिक क्षेत्रका श्रमिकले तीन वर्षदेखि सामाजिक सुरक्षा योजनाबाट लाभ लिन थाले पनि वैदेशिक रोजगारी र विदेशमा स्वरोजगारमा रहेका श्रमिक त्यसबाट




वञ्चितहुँदैआएकाथिए।गैरआवासीय नेपाली सङ्घ (एनआरएनए)ले पनि वैदेशिक रोजगारीमा रहेका श्रमिकलाई सामाजिक सुरक्षामा आबद्ध गराउन पैरवी गर्दै आएको थियो।

बुधवारदेखि नयाँ श्रम स्वीकृति लिनेलाई कोषमा सूचीकृत हुने व्यवस्था अनिवार्य गरिएको छ । हाल दिनको करिब दुई हजारले श्रम स्वीकृति लिने गरेको छन् । श्रम स्वीकृति लिनेले कोषमा एक महिनाको योगदान रकम जम्मा गर्नुपर्नेछ । वैदेशिक रोजगारीमा जाने श्रमिकले छ महिनाको योगदान रकम जम्मा गर्दा १० प्रतिशत छुट पाउने प्रवक्ता पन्थीले बताउनुभयो। विदेशमा रहेका श्रमिकले कोषको वेभसाइटबाट सूचीकरण गरी योगदान रकम जम्मा गर्न सक्नेछन्।

**वैदेशिक रोजगारीमा रहेका श्रमिकले दुर्घटना उपचार खर्चबापत वार्षिक रु एक लाख, अशक्तता भएमा मासिक ६० प्रतिशत पेन्सन, काजकिरिया खर्च रु २५ हजार, आश्रित श्रीमान्/श्रीमतीले ४० प्रतिशत आजीवन पेन्सन पाउनेछन्। वैदेशिक रोजगारीमा जाने श्रमिकले श्रम स्वीकृत लिँदा कोषबाट सूचीकरण नम्बर अनिवार्यरुपमा लिनुपर्नेछ। वैदेशिक रोजगारीमा रहेका श्रमिक र स्वरोजगारमा आबद्ध व्यक्ति कोषको अनलाइन प्रणालीमार्फत सूचीकरण हुन सक्नेछन् ।**

स्वीकृत कार्यविधिबमोजिम वैदेशिक रोजगारीमा रहेका वा विदेशमा स्वरोजगार रहेका श्रमिकले कम्तीमा आधारभूत पारिश्रमिकको २१ दशमलव ३३ प्रतिशत रकम अर्थात् न्यूनतम रु दुई हजार मासिकरुपमा र अधिकतम त्यसको तीन गुणासम्म कोषमा योगदान गरी सुविधामा सहभागी हुन सक्नेछन् ।

सरकारले श्रमिकको आधार भूत पारिश्रमिक मासिक रु नौ हजार तीन सय ८५ र महँगी भत्ता मासिक रु पाँच हजार छ सय १५ गरी मासिक न्यूनतम पारिश्रमिक रु १५ हजार तोकेको छ । २१ दशमलव ३३ प्रतिशत रकममध्येबाट ७ दशमलव ४८ प्रतिशत रकम दुर्घटना तथा अशक्तता र आश्रित परिवार सुविधा योजना तथा १३ दशमवल ८५ प्रतिशत रकम निवृत्तिभरण सुविधाका लागि छुट्याइएको छ । कोषमा योगदान गर्ने वैदेशिक क्षेत्रमा रहेका श्रमिकले तीन सुविधा प्राप्त गर्नेछन् । उनीहरूले दुर्घटना तथा अशक्तता सुरक्षा योजना, आश्रित परिवार सुरक्षा योजना र अवकाश एवं वृद्धावस्था सुरक्षा योजनाबाट विभिन्न सुविधा प्राप्त गर्नेछन् ।

वैदेशिक रोजगारीमा रहेका श्रमिकले दुर्घटना उपचार खर्चबापत वार्षिक रु एक लाख, अशक्तता भएमा मासिक ६० प्रतिशत पेन्सन, काजकिरिया खर्च रु २५ हजार, आश्रित श्रीमान्/श्रीमतीले ४० प्रतिशत आजीवन पेन्सन पाउनेछन् । वैदेशिक रोजगारीमा जाने श्रमिकले श्रम स्वीकृत लिँदा कोषबाट सूचीकरण नम्बर अनिवार्यरुपमा लिनुपर्नेछ । वैदेशिक रोजगारीमा रहेका श्रमिक र स्वरोजगारमा आबद्ध व्यक्ति कोषको अनलाइन प्रणालीमार्फत सूचीकरण हुन सक्नेछन् ।

हाल कोषमा नियमितरुपमा योगदान गर्ने योगदानकर्ताले औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना, दुर्घटना तथा अशक्तता सुरक्षा योजना, आश्रित परिवार सुरक्षा योजना र वृद्धावस्था सुरक्षा योजना गरी विभिन्न योजनाबाट लाभ लिइरहेका छन् । कोषमा हालसम्म औपचारिक क्षेत्रका तीन लाख ९९ हजार पाँच सय ६६ श्रमिक आबद्ध भइसकेका छन् । कोषमा रु ३० अर्ब ८७ करोड योगदान रकम सङ्कलन भएको छ । कोषले योगदानकर्तालाई रु तीन अर्ब ८१ करोड दाबी भुक्तानी गरेको छ । विसं २०७५ मङ्सिर ११ गतेदेखि योगदानमा आधारित सामाजिक सुरक्षा योजना कार्यान्वयनमा आएको थियो । रासस

# ६२ वर्षमा उद्योगमा लगानी २८ खर्ब

काठमाण्डु । करिब ६२ वर्षको अवधिमा उद्योग क्षेत्रमा मात्रै करिब २८ खर्ब बराबरको लगानी भएको पाइएको छ । उद्योग विभागले सार्वजनिक गरेको तथ्याङ्क अनुसार चालु आर्थिक वर्षको फागुन मसान्तसम्म (विभिन्न क्षेत्रका उद्योगमा) रु २७ खर्ब ८२ अर्ब बराबरको लगानी प्रस्ताव भएको छ ।

आर्थिक वर्ष २०१७/१८ सालदेखि २०७९/८० सम्म आठ हजार नौ सय ७४ उद्योगका लागि उक्त लगानी प्रस्ताव भएको हो । उक्त तथ्याङ्क अनुसार हालसम्म दर्ता भएका उद्योगमध्ये सबैभन्दा धेरै लगानी प्रस्ताव साना उद्योगमा रहेको छ । तथ्याङ्क अनुसार हालसम्म दर्ता भएका उद्योगले छ लाख ७० हजार दुई सय ५५ जनालाई रोजगारी उपलब्ध गराएको उल्लेख छ ।

**आठ महिनामा साढे एक खर्बको प्रतिबद्धता**

विभागले सार्वजनिक गरेको चालु आर्थिक वर्षको आठ महिना (गत साउनदेखि फागुन मसान्तसम्म) को तथ्याङ्कअनुसार स्वदेशी र विदेशी लगानीका एक सय ८३ वटा उद्योगका लागि रु एक खर्ब ५५ अर्ब बराबरको विदेशी लगानी प्रतिबद्धता आएको हो ।

यस्तै, आठ महिनाको अवधिमा दुई सय ३९ विदेशी लगानीका उद्योगका लागि रु ३१ अर्ब २१ करोड ११ लाख ३२ हजार उक सय ९६ लगानी प्रतिबद्धता आएको छ । जसमा फागुनमा मात्रै रु तीन अर्ब ४४ करोड ९८ लाख ३८ हजार छ सय विदेशी लगानी प्रतिबद्धता भित्रिएको छ । विभागका अनुसार चालु आर्थिक वर्षको साउनमा मात्र रु दुई अर्ब ६४ करोड नौ लाख, भदौमा रु तीन अर्ब ४४ करोड ६५ लाख, असोजमा रु एक अर्ब ८५ करोड ४७ लाख र कात्तिकमा रु तीन अर्ब ६५ करोड बराबरको लगानी प्रतिबद्धता आएको थियो।

**विभागले सार्वजनिक गरेको चालु आर्थिक वर्षको आठ महिना (गत साउनदेखि फागुन मसान्तसम्म) को तथ्याङ्कअनुसार स्वदेशी र विदेशी लगानीका एक सय ८३ वटा उद्योगका लागि रु एक खर्ब ५५ अर्ब बराबरको विदेशी लगानी प्रतिबद्धता आएको हो ।**

यस्तैगरी मङ्सिरमा रु ८० करोड आठ लाख, पुस महिनामा रु चार अर्ब ८५ करोड २० लाख, माघ महिनामा रु एक अर्ब ३९ करोड बराबरको वैदेशिक लगानी प्रतिबद्धता आएको छ । विभागको तथ्याङ्कअनुसार गत आर्थिक वर्ष २०७८/७९ को साउनमा रु पाँच अर्ब ५३ करोड ५० लाख, भदौमा रु छ अर्ब ३२ करोड, असोजमा रु एघार अर्ब ९६ करोड पाँच लाख, कात्तिकमा रु ९८ करोड, मङ्सिरमा रु पाँच अर्ब १५ करोड ५१ लाख, पुसमा रु ६१ करोड २० लाख, माघमा रु ५३ करोड ९५ लाख र फागुनमा रु दुई अर्ब २३ करोड बराबरको लगानी प्रतिबद्धता आएको थियो ।

**साढे १३ अर्ब नाफा विदेशियो**

चालु आर्थिक वर्षको आठ महिनाको अवधिमा झण्डै साढे १३ अर्ब नेपाली विदेशीएको छ । उद्योग विभागले सार्वजनिक गरेको आठ महिनाको तथ्याङ्क अनुसार रु १३ अर्ब ४५ करोड ९८ लाख ७८ हजार तीन सय २४ लाभांशवापत रकम फिर्ताको सिफारिस भएको हो ।

विभागले आठ महिनामा रोयल्टीवापत रु दुई अर्ब आठ करोड ९३ लाख ९७ हजार १०७ नेपाली रुपैयाँ, ११ लाख ४८ हजार सात ६० अमेरिकी डलर, ३० करोड ४७ लाख ५० हजार ८२५ भारतीय रुपैयाँ र ७ हजार युरो विदेश लैजानका लागि विभागले सिफारिस गरेको छ । विभागले सिफारिस गरेपछि नेपाल राष्ट्र बैंकबाट स्वीकृत लिएपछि मात्र नेपाली रुपैयाँ विदेश लैजान पाइन्छ । विभागले स्वीकृत गरेको १५ दिनभित्र रकम लैजान पाइने विभागले जनाएको छ । रासस


**लक्ष्मीनियाँ गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**लक्ष्मीनियाँ बजार, धनुषा**

**मधेश प्रदेश, नेपाल**

**पोखरी ठेक्का सम्बन्धी सूचना**

**प्रकाशित मिति : २०७९/१२/८**

यस लक्ष्मीनियाँ गाउँकार्यपालिकाको मिति २०७९/११/०८ गते सोमबारका दिन पोखरी ठेक्का लगाउने सम्बन्धी भएको निर्णय बमोजिम ५ (पाँच) वर्षका लागि तपसिलमा उल्लेखित ठेक्का मार्फत पोखरीमा माछापालन, व्यवस्थापन तथा संरक्षणका लागि ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, संघ संस्था लगायत सरोकारवालाहरुले ठेक्काको लागि बोलपत्र वापत रकम रु. १०००।- अक्षरेपी रु. एक हजार रुपैयाँ मात्र यस कार्यालयको नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक लि. मा रहेको आन्तरिक राजश्व खाताको खाता नं. १०३००१००५०७२२ मा रकम दाखिला गरी खरिद गरिएको फाराम तोकिएको शर्तको अधिनमा रही यो सूचना प्रकाशन गरिएको मितिले १५ (पन्ध्र) दिन भित्र सिलबन्दी गरी बोलपत्र दर्ता गराउनु हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| सि. नं. | ठेक्का नं. | पोखरीको नाम | वडा नं. | किता नं. | क्षेत्रफल | न्यूनतम कबोल रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | ११/२०७९/८० | हनुमान मन्दिर पछाडिको पोखरी (कचहरी) | ५ | ५२ | ०-१३-११ | १०,००,०००।- | |
| २ | १२/२०७९/८० | भंगहा गाउँको दक्षिणपट्टी रहेको पोखरी | ५ | २९४ | १-१०-०९ | १५,००,०००।- | |

**शर्तहरू :-**

१. बोलपत्र दाताले बोलपत्र खरिद गर्न आउँदा सम्बन्धित व्यक्ति वा ठेकेदारले आफ्नो नागरिकता प्रमाणपत्र लिई स्वयम उपस्थित हुनुपर्ने छ।
२. खामको बाहिर पट्टी ठेक्का नं. र यस कार्यालयको नाम उल्लेख गरी बोलपत्र सिलबन्दी पेश गर्नुपर्ने छ।
३. बोलपत्र साथ बोलपत्र पेश गर्ने व्यक्तिको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि तथा संस्थाको हकमा संस्थाको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने छ।
४. बोलपत्र फाराममा कबोल गरेको अंक र अक्षरमा केयरमेट नगरी स्पष्टसंग लेख्नु पर्ने छ तथा अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ।
५. बोलपत्र साथ आफुले कबोल गरेको अंक र अक्षरमा ५ प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक लि. लक्ष्मीनियाँ शाखामा रहेको धरौटी खाता ग-३ को खाता नं. १०३००१०००६१०८ मा धरौटी रकम जम्मा गरेको सक्कल भौचर संलग्न गर्नुपर्ने छ।
६. सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन कार्यालय समय भित्र ठेक्काको बोलपत्र फाराम मार्फत रकम रु. १०००।- तिरी लक्ष्मीनियाँ गाउँपालिकाको कार्यालयबाट खरिद गरी १६ (सोह्र) दिनको १२ (बारह) बजे कार्यालयमा सिलबन्दी बोलपत्र दर्ता गराई सक्नुपर्नेछ र सोहि दिन दिनको २ (दुई) बजे यस कार्यालयमा सिलबन्दी बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा बोलपत्र खोलिने छ यदि बोलपत्र खोलिने समयमा बोलपत्रदाताहरु उपस्थित नभएमा बोलपत्र खोल्न बाधाँ पर्ने छैन।
७. बोलपत्र फाराम खरिद गर्ने अन्तिम दिन विदा परेमा सोको भोलिपल्ट कार्यालय समयमा बोलपत्र फाराम खरिद गर्न सक्ने र त्यसको भोलिपल्ट दिनको १२ बजेसम्ममा बोलपत्र फाराम दर्ता गराईसक्नु पर्ने र सोहि दिन दिनको २ बजे बोलपत्र खोलिनेछ।
८. म्याद नाघी वा रित नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।
९. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ।
१०. बोलपत्र स्वीकृत भएको मितिले सात दिन भित्र कबोल गरेको रकमको सम्पूर्ण रकम यस कार्यालयको आन्तरिक राजश्व खाता नं. १०३००१००५०७२२ मा जम्मा गरेको रकमको सक्कल भौचर सहित सम्झौता गरी चलन पूर्जी लिई सक्नु पर्नेछ।
११. पोखरी तथा माछाको सुरक्षा ठेकेदारले स्वयमले गर्नुपर्ने छ।
१२. यस सूचनामा उल्लेखित शर्तहरु बमोजिम नभएको हकमा प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ बमोजिम हुनेछ।
१३. ठेक्का अवधि चलन पुर्जी लिएको मिति देखि गणना हुनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

# सरकार पुरै पाँच वर्ष चल्छ : निधि



**टुडे समाचारदाता**

राजविराज । नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिले गठबन्धनको सरकार पाँच वर्ष सम्म टिक्ने दाबी गरेका छन् । उनले सरकार टिक्ने नटिक्नेमा शंका नगर्न आग्रह गरेका छन् ।

सप्तरीको कञ्चनरुप नगरपालिकास्थित बरमझियामा मंगलबार मेयर कप खेलकुद प्रतियोगिताको उद्घाटन मन्तव्यका क्रममा उनले यस्तो आग्रह गरेका छन् ।

वर्तमान सरकार पूरा कार्यकाल टिक्छ, उनले भने-'तपाईँहरु ढुक्क रहनुहोस् । राजनीतिमा पनि खेलको जस्तै अनुशासन आवश्यक रहको बताउँदै कांग्रेसका पूर्व उपसभापति समेत रहेका निधिले नेकपा (एमाले)ले त्यही अनुशासन र नियम नमानेका कारण सत्ताबाट बाहिरिए ।'

उनले भने-'एमालेले राजनीतिमा अनुशासनको पालना गर्न नसकेका कारणले नै बाहिरिनु परेको हो । नेता निधिले सुरुमा कांग्रेसले पनि केही त्रुटि गरेका कारण प्रतिपक्षमा बस्ने अवस्था आएको भन्दै त्यसका बाबजुद पनि प्रधानमन्त्री पुष्पकमल दाहाललाई नै विश्वासको मत दिएर त्रुटि सच्याएको स्पष्ट पारे ।

प्रनिधिसभाको निर्वाचनमा कांग्रेस सबैभन्दा ठूलो दल हुँदा पनि केही त्रुटिका कारण सरकार बनाउने अवस्था रहेन, उनले भने-'तथापि प्रचण्ड नेतृत्वको सरकारलाई विश्वासको मत दिएर हामीले कोर्स करेक्शन गरेका छौं ।'

सरकार बाहिर बसेर पनि प्रचण्ड नेतृत्वको सरकारलाई विश्वासको मत दिँदा धेरैतिरबाट नकारात्मक टिप्पणी सुन्नु परेको प्रसंग उल्लेख गर्दै नेता निधिले अहिले त्यसको परिणाम सकारात्मक आएको दाबी गरे । नेपाली कांग्रेस पनि वर्तमान सरकारमा सहभागी हुने जानकारीका साथ पार्टीका केन्द्रीय सदस्य समेत रहेका उनले तीन/चार दिन भित्रै सरकारले पूर्णता पाउने जानकारी दिए ।

प्रदेशमा पनि कतै कांग्रेसको नेतृत्वमा त कतै कांग्रेससहितको सहभागितामा सरकार बन्ने उनको कथन थियो ।

कंचनपुर नगरपालिकाका प्रमुख ललनप्रसाद गुप्ताले नगरपालिकाको तर्फबाट योग्य खेलाडी उत्पादन तथा प्रदेश र देशको खेलकुद स्तर माथि उठाउन विभिन्न योजना बनाएर अघि बढेको र यसै क्रममा पहिलो पटक फुटवल, क्रिकेट, ब्याटमिनटन र क्यारेम बोर्ड लगायतका खेल समावेश गरी प्रथम मेयरकप प्रतियोगिताको आयोजना गरिएको बताए ।

चैत १५ गते सम्म चल्ने प्रतियोगितामा कंचनरुप नगरपालिकाका सबै १२ वटा वडा तथा कर्मचारी र स्वयमसेवक गरी कुल १४ टिम प्रतियोगितामा सहभागी छन् । प्रतियोगिताका विजेता र उपविजेतालाई क्रमशः नगद ५० र ३० हजार तथा ट्रफि प्रदान गरिने छ ।

कंचनरुप नगरपालिकाको आयोजनामा संचालित प्रतियोगिताको उद्घाटन समारोहमा प्रतिनिधिसभा सदस्य दिनेशकुमार यादव, प्रदेशसभा सदस्य मो.सकिल, पूर्वसंविधानसभा सदस्य सूर्यनाथ यादव, पूर्वप्रतिनिधिसभा सदस्य डा. सूर्यनारायण यादव, पूर्वमन्त्री सत्यनारायण मण्डललगायतले शुभकामना दिएका थिए ।

प्रतियोगिताको फुटबलतर्फको उद्घाटन खेलमा कर्मचारी ११ ले जनप्रतिनिधि ११ लाई शून्यका बिरुद्ध ३ गोलले पराजित गर्दै विजयी सुरुवात गरेको छ ।

# पहिचानको कुरा उठाउनु सकारात्मक विकास : मन्त्री किराँती




**टुडे समाचारदाता**

सर्लाही । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किराँतीले आदिबासी जनजातिहरुले पहिचानको कुरा उठाउनु सकारात्मक विकास भएको बताएका छन् । उनले हिजोका दिनमा हाम्रो पहिचान भनेको, गोर्खापल्टनमा भर्ती हुन जाने सिपाही थियो तर, आज आदिवासी जनजातिहरुले पहिचानको कुरा उठाउनु सकारात्मक विकास भएको बताए ।

'मातृभाषा, संस्कार, संस्कृतिको संरक्षण र सम्वर्धनको लागि हाम्रो अभियान' भन्ने मूलनाराका साथ मंगलवार सर्लाहीको हरिवनमा आयोजित आदिवासी जनजाति युवा महासंघ, नेपालको आठौं राष्ट्रिय सम्मेलनको उद्घाटन गर्दै मन्त्री किराँतीले भने-'०४६ को प्रजातान्त्रिक आन्दोलन पछि ०६२/०६३ को जनआन्दोलनमा आदिवासी, जनजाति तथा मधेशी समुदायको दरिलो उपस्थिति भए पनि यो वर्ग अहिले पनि शोषित छ ।'

अब, नेपाली समाजको शल्यक्रिया गरिनु आजको मुख्य आवश्यक्ता भएको बताउँदै मन्त्री किराँतीले भने-'अब, हिमाल, पहाड र तराईमा वसोवास गर्ने नेपाली संस्कृतिको मनोविज्ञानबाट मुलुक अगाडि बढ्नुपर्छ ।' उहाँले अब एकले अर्कालाई निषेध गरेर कोही पनि अगाडि बढ्न नसक्ने बताए । मलुकभित्रको चार सय ५३ स्थानीय निकायमा आदिवासी, जनजातिहरुको दरिलो उपस्थिति भए पनि माथिल्लो निकायमा हुने साझेदारीमा पछाडि पारिने गरेको आरोप लगाउँदै मन्त्री किराँतीले कोसी प्रदेशको सार्वभौम संसदमा आदिवासी जनजातिको उपस्थिति रहे पनि असल भूमिका नभएकाले स्थानको पहिचान गुमेको छ । तर, इतिहास कहिल्यै नमर्ने दृढता व्यक्त गर्दै उनले भने-' तर, अब आक्रोस र आवेगमा होईन, विवेकतापूर्वक अघि बढ्नुपर्छ ।'

हरिवन नगरपालिकाका प्रमुख कमल वुढाथोकीले मुलुक बनाउनेहरु नै अहिले बिभेदको शिकार भएको बताए । उनले मूल आदिवासी, जनजाति, मधेशी, दलितहरु संविधानले नैसर्गिक अधिकार दिएको स्वास्थ्य र शिक्षामा उनीहरुको पहुँच कमजोर अवस्थामा रहेको धारण राखे ।

बागमती नगरपालिकाका प्रमुख भरत थापाले निरंकुश राजतन्त्र, बहुदलीय प्रजातन्त्र र अहिले संघीय गणतन्त्र स्थापना भए पनि आदिवासी, जनजाति तथा मधेशीहरुको उत्थान हुन नसकेको टिप्पणी गरे । उनले भने-'संघीयता सहितको संविधान बन्यो भनेर के गर्ने ? मुलुकको ठूलो हिस्सा ओगटेका विभिन्न जातजाति, भाषाधर्म, सम्प्रदाय तथा संस्कृति मान्ने व्यक्तिहरु पिल्सिएर बस्न वाध्य भएका छन् ।'

# दलित सशक्तिकरण ऐन कार्यान्वयन प्राथमिकतामा : मन्त्री साह



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका सामाजिक विकास मन्त्री सुरिता साहले दलित सशक्तिकरण ऐनको प्रभावकारी कार्यान्वयनलाई प्राथमिकतामा राखेर काम गर्ने प्रतिबद्धता व्यक्त गरेकी छन् ।

अन्तर्राष्ट्रिय जातीय विभेद तथा उन्मूलन दिवसको अवसरमा मंगलबार जनकपुरधाममा आयोजित छलफल कार्यक्रममा उनले सो प्रतिबद्धता व्यक्त गरेकी छन् । 'एकाइसौं शताब्दीमा मानव सभ्यता कहाँबाट कहाँ पुगिसकेको अवस्थामा हामीकहाँ जातीय छुवाछूतको परम्परा कायमै रहनु दुर्भाग्यपूर्ण छ'-उनले भनिन् ।

मानव मानवबीच विभेदले गर्दा मधेशी समाज विभिन्न क्षेत्रमा पछि परेको दुखेसो पोख्दै उनले भनिन्-'जातीय विभेद विरुद्ध प्रदेश सरकारले अभियान नै सञ्चालन गर्नेछ र सोको लागि दलित सशक्तिकरण ऐनलाई हामीले प्राथमिकतामा राख्नेछौं ।'

दलित समुदायको छुवाछूतलगायतको विभेदपूर्ण समस्यामा मधेश प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयले खेल्ने सम्पूर्ण भुमिका इमान्दारीका साथ निर्वाह गर्ने प्रतिबद्धतासमेत मन्त्री साहले व्यक्त गरिन् ।

कार्यक्रममा जनता समाजवादी पार्टी नेपालका राजनीतिक समिति सदस्य चन्देश्वर पासमानले आजको युगमा मानव मानवबीच विभेद हुनु मधेशी समुदायकै लागि कलंकको रुपमा रहेको टिप्पणी गरे । जातीय विभेदको उन्मूलन विरुद्ध मधेश प्रदेश सरकारले ल्याएको दलित सशक्तिकरण ऐनलाई तत्काल व्यवहारिक कार्यान्वयन गर्न तर्फ सरकारले ध्यान दिनु पर्ने आवश्यकता औंल्याए । उनले भने-'विभिन्न पक्षमा पछाडि परेको दलित समुदायको उत्थानका लागि राज्य सचेत हुनु पर्छ र अहिले सबभन्दा पहिला ऐन कार्यान्वयन गर्नु पर्छ ।'

रामो महराको अध्यक्षतामा भएको सो कार्यक्रममा जसपा नेपालका केन्द्रीय सदस्य चन्देश्वर सदाले दलितलाई सशक्त गर्न शिक्षामा जोड दिनु पर्ने आवश्यकता औंल्याए । मधेश प्रदेश सरकारले दलित सशक्तिकरण ऐन पारित गर्नु राजनीतिक रुपमा दलितहरुको जित भएको उल्लेख गर्दै ऐनको कार्यान्वयन प्रभावकारी रुपमा हुनु पर्ने बताए । कार्यक्रममा राष्ट्रिय भूमि अधिकार आयोग, धनुषाका प्रवक्ता राम गोविन्द यादव, जसपा नेपालका मधेश प्रदेश समितिका सचिव जितेन्द्र यादव लगायत दलित समुदायका प्रमुख अगुवा नेताहरूले आ-आफ्नो मन्तव्य राखेका थिए ।

# डकैतीका फरार अभियुक्त २० वर्षपछि पक्राउ

**टुडे समाचारदाता**

राजविराज । डकैती मुद्दाका फरार एक अभियुक्त २० वर्षपछि पक्राउ परेका छन् । पक्राउ पर्नेमा सप्तरीको बोदेबर्साइन नगरपालिका ३ का ६५ वर्षीय फूल कुमार चौधरी थारु छन् ।

प्रहरीले उनलाई गाँउघरमै लुकी वसेको अवस्थामा सोमवार साँझ पक्राउ गरिएको छ । डिएसपी नरेश कुमार सिंहका अनुसार थारुले २०५८ साल जेठ २ गते सोही नगरपालिकाका सूर्य नारायण पालको घरमा प्रवेश गरी पालको हात खुट्टा बाँधेर ६७ हजार ४० रुपैयाँ बराबरको धनमाल लुटेर लगेको थियो ।

डकैती मुद्दामा संलग्न अन्य १०/११ जना भने अझै फरार रहेको र खोजी कार्य भईरहेको प्रहरीको भनाइ छ । डकैतीको मुख्य योजनाकार भने थारु नै रहेको प्रहरीले जनाएको छ ।

उनलाई जिल्ला अदालत सप्तरीले २०७१ साल चैत्र १० गते ६ वर्ष कैद सजाय र १ लाख १९ हजार १ सय ८२ रुपैयाँ जरिवाना ठहर गरेको थियो । घटना पछि उनी फरार थिए । पक्राउ परेका थारुलाई अदालतमा उपस्थित गराउँदा आदेशानुसार मंगलवार कैद सजाय भुक्तानका लागि राजविराज कारागार चलान गरिएको प्रहरीले जनाएको छ ।

**डढेलोबाट बचौं र बचाऔं ।**

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोगरी निभाऔं,
- हाम्रो सानो असावधानीले जंगलमात्र होइन आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## रंगशालाको तयारी तीव्र
# आज मुख्यमन्त्री निरीक्षण गर्ने



**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिका १३ रजौलस्थित निर्माणाधीन अन्तर्राष्ट्रिय रंगशालाको निर्माण कार्य तीव्र गतिमा भइरहेको छ । रंगशालाको अन्य भौतिक संरचना बन्न अझै बजेट अभाव देखिएको छ । तर खेल हुने मैदानको निर्माण कार्य अन्तिम चरणमा पुगेको जनाइएको छ ।

राष्ट्रिय खेलकुद परिषद्ले गुठी संस्थानको १७ विघा जमिन लिजमा लिएर निर्माण कार्य सुरु गरेको छ । निर्माण कार्य सुरु भएको पाँच वर्ष बिते पनि बजेट अभावमा अपेक्षा अनुसार काम हुन सकेको छैन् । राखेपले ३० वर्षको लागि जग्गा लिजमा लिएर मैदान बनाइरहेको धनुषा क्रिकेट संघका अध्यक्ष शोभाकान्त पाण्डेले जानकारी दिए ।

उनका अनुसार राखेपले गुठी संस्थानलाई वार्षिक ९ लाख रुपैयाँ भाडा वापत तिर्दै आएको छ । 'मैदान अभावमा यहाँको खेल र खेलाडी पछाडि परिरहेको छ त्यसकारण हामी हतार-हतारमा मैदान बनाउँदै छौं,'उनले भने,' अन्य कुराहरु पछि भइरहन्छ । मैदान भएपछि खेल सुरु गर्ने हाम्रो लक्ष्य छ । तर बजेट अभावकै कारण अन्य भौतिक संरचना निर्माणमा ढिलाई भइरहेको छ ।'

मैदान निर्माण भएसँगै यहाँ मेयर कप पहिलो प्रतियोगिताको रुपमा हुने तयारी भइरहेको छ । यही चैत २० गतेदेखि धनुषा क्रिकेट संघको पहल र जनकपुरधाम उप-महानगरपालिकाको सहकार्यमा प्रतियोगिता हुन लागेको छ । यस प्रतियोगिताको लागि १५ लाख जनकपुरधाम उपमहानगरपालिका र दश लाख राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद मनिष झाले सहयोग गर्ने घोषणा गरेका छन् । प्रतियोगितामा १२ वटा टिम सहभागी गराउने आयोजक संस्थाको तयारी छ । मधेश प्रदेशको प्रत्येक जिल्लाको एक/एक र अन्य प्रदेशको चार टिम सहभागी हुने जनाइएको छ ।

खेल प्रेमी र मैदान निर्माणका अभियन्ताहरु नियमित रुपमा राजनीतिक दलका नेता, मन्त्री र सांसदहरुलाई निर्माणाधीन रंगाशालाको निरीक्षण गरिरहेका छन् । सोही क्रममा बुधबार मधेश प्रदेशको मुख्यमन्त्री सरोजकुमार यादव पनि रंगशाला निर्माण स्थलमा पुगेर निरीक्षण गर्ने बुझिएको छ । खेल अभियन्ताहरुले अतिथि बोलाई ध्यानाकर्षण गराउनुको साथै रंगशाला निर्माणको लागि आर्थिक सहयोग गरिदिन पनि अनुरोध गर्ने गरेका छन् ।




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८